## धुर्कोट गाउँपालिका

# वार्षिक विकास योजना

(आ.व. २०८०/०८१ को नीति, कार्यक्रम तथा बजेट)

प्रकाशक

**धुर्कोट गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

बर्बोट, गुल्मी

लुम्बिनी प्रदेश, नेपाल

# परिचय

लुम्बिनी प्रदेशको गुल्मी जिल्लामा अबस्थित धुर्कोट गाउँपालिका जिल्लाको तत्कालिन सात वटा गा.वि.स.हरु समेटी नेपाल सरकारको निर्णय अनुसार मिति २०७३ फागुन २७ गते स्थापना भएको हो। यस गाउँपालिकामा समेटिएका साविकका सात गा.वि.स.हरु क्रमशः नयाँगाउँ(१-७), पिपलधारा, हाडहाडे, जैसिथोक, वस्तु, धुर्कोट रजस्थल र वाग्ला हुन्। यस गाउँपालिकाको कुल क्षेत्रफल ८६.३२ वर्ग किमि रहेको छ भने कुल जनसङ्ख्या १८८१४ (राष्ट्रिय जनगणना २०७८) रहेको छ। हाल ७ वटा वडाहरुमा यस गाउँपालिका विभाजन गरिएको छ। यो गाउँपालिकाको पूर्वमा रेसुङ्गा नगरपालिका, पश्चिममा मदाने गाउँपालिका, उत्तरमा इश्मा र मालिका गाउँपालिका तथा दक्षिणमा अर्घाखाँची जिल्लाको मालारानी गाउँपालिका रहेका छन। कृषिको प्रचुर सम्भावना रहेको धुर्कोट गाउँपालिका पर्यटकीय क्षेत्रको रुपमा रहेको विचित्र गुफा, ऐतिहासिक धुर्कोट दरवार, कालीका मन्दिर, कुमारीदेवी मन्दिर, ओखलढुङ्गा घरिथुम डाँडा आदि परिचित रहेको हुदाँ यहाँ स्थानीय पर्यटन उद्योगको समेत उत्तिकै सम्भावना रहेको देखिन्छ्।

**चिनारी तथा नामाकरण**

धुर्कोट गाउँपालिका गुल्मी जिल्लाका २ वटा नगरपालिका तथा १० वटा गाउँपालिका मध्येको एक प्रमुख कृषि योग्य ठाऊँ हो। यो गाउँपालिका जिल्लाको मध्य पश्चिम भागमा अवस्थित छ। यस गाउँपालिका गुल्मी जिल्लाको सदरमुकाम तम्घासबाट १९ कि.मि. टाढाको दुरीमा अवस्थित रहेको छ। गण्डकी प्रदेशका प्राचिन चौबिसे राज्यहरु मध्ये धुर्कोट एक राज्य थियो जसमा नयाँगाउँ, पिपलधारा, हाडहाडे, जैसिथोक, वस्तु, धुर्कोट रजस्थल, वाग्ला र भनभने गरि आठओटा गा.वि.स. पर्दथे। सुरुमा यस धुर्कोटलाई ७०० मौजामा बाडीएको थियो तत् पश्चात गाउँ पञ्चाायतमा परिणत भयो जसलाई ब्रह्मपुरी गाउँ पञ्चायत नामाकरण गरियो। यस गाउँपालिकाको हालको केन्द्र बर्वोट भन्ने ठाउँको नामबाट ब्रह्मपुरी गाउँ पञ्चायत नामाकरण गरिएको तथ्य पाईन्छ। यहाँका बासिन्दा हरुलाई धुर्कोटे भनिन्थ्यो। आठ ओटा गा.वि.स.हरुको केन्द्र विन्दुको रुपमा रहेको घरको धुरी जस्तो धुरीको कोट धुरीकोट, धुर माथिको कोट धुर्कोट भन्दाभन्दै धुर्कोट नाम रहन गएको भन्ने लोकोक्ति रहेको छ। र सोही धुरीमा दरवार बनाई १४ मल्लराजाहरुले शासन गरेका थिए। यहाँ बाहुन, क्षेत्री, ठकुरी, मगर, नेवार, कुमाल, कामी, दमाई, सार्की, गन्दर्भ लगायतका जातिहरुको बसोवास रकेको छ। यहाँका बासिन्दाहरुमा मुख्यतया हिन्दु तथा केहि मात्रामा वौद्ध तथा इसाइ धर्मालम्बिहरु छन्। यहाँ कृषि उत्पादन र पशुपालनका साथै आन्तरिक पर्यटन उद्योगको समेत प्रचुर सम्भावना रहेको छ।

**धरातलीय अवस्था**

धुर्कोट गाउँपालिकाको धरातलिय स्वरुप पहाड, बेसी र टारमा विभाजित रहेको छ। यहाँको अधिकतम् भूगोल भिरालो परेको र बिच बिचमा थुम्काहरु रहेकाछन्। पहाडको फेदीमा बेसी बगर खेतहरु रहेकाछन्

र भिरालो जमिनमा पानी खासै नलाग्ने टारी खेतहरु पनि रहेका छन्। यहाँको तापक्रम गर्मी मौसममा सरदर २७ डिग्री देखि ३२ डिग्री र जाडो मौसममा न्यूनतम तापक्रम १० डिग्री रहने गरेको छ। समुन्द्र सतहदेखि करिव १२७५ मिटरको उचाइमा रहेको यस धुर्कोट क्षेत्रमा मनसुनी वायुको प्रभावले वर्षा हुन्छ। यस क्षेत्रमा मनसुनी वर्षा करिव १५० सेन्टीमिटर भएको पाइन्छ। यस धुर्कोट क्षेत्रमा अति क्षेत्र सिञ्चित छल्दीखोला र कम क्षेत्र सिञ्चित पनाहाखोलाको बिचमा चारवटा वडाहरु अवस्थित छन् त्यसैगरि पनाहा खोला भन्दा पारी अर्घाखाची जिल्लाको सिमाना बिचमा तीनवटा वडाहरु रहेकाछन् । यस धुर्कोट क्षेत्रमाप्रायः सबै जातजातिका मानिसहरु बसोवास गर्दै आइरहेका छन् । यस गाउँपालिकामा चैत महिना देखि असोजको प्रारम्भ सम्म गर्मी, असोजदेखि फागुन सम्म जाडो हुने भएकोले यहाँको हावापानी मौसम अनुसार विविध किसिमको रहेको छ। भौगोलिक विषमतायुक्त गाउँपालिका भएकोले यहाँको उचाई र अवस्थिति फरक फरक पाइन्छ ।

**धुर्कोट गाउँपालिका, गुल्मी**
**गाउँकार्यपालिकाको कार्यालयको संगठन संरचना**



# आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम

**सभाकासदस्यहरु,**

यस गरिमामय सभामा धुर्कोट गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफूलाई गौरवान्वित महशुस गरेको छु। यस अवसरमा नेपालको प्रजातान्त्रिक आन्दोलन, राजनीतिक अग्रगमन र लोकतन्त्रको सवलीकरणको क्रममा भएका ऐतिहासिक जनआन्दोल तथा जनयुद्धमा आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। वेपत्ता तथा घाइते परिवार प्रति सम्मान व्यक्त गर्दै राष्ट्रियता,लोकतन्त्र, गणतन्त्र र जनजीविकाको आन्दोलनमा नेतृत्व गर्नुहुने सम्पूर्ण अग्रजहरु प्रति उच्च सम्मान प्रकट गर्दछु। साथै उहाँहरुले राष्ट्र निर्माणमा पुर्याउनु भएको योगदानको स्मरण गर्न चाहन्छु।

सुन्दर, समुन्नत र समृद्ध धुर्कोट गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प, समस्त गाउँपालिका वासीको समृद्धिको चाहाना र हामीले निर्वाचनका क्रममा हाम्रा मतदाताहरु प्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरु पुरा गर्ने दिशामा हामीले आगामी आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौं। यसका लागि दीगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीय करण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी, जलवायु उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास मार्फत “**समृद्ध धुर्कोट : हाम्रो शान**” भन्ने दीर्घकालीन सोचको लक्ष्य हासिल गर्न उत्पादनशील, शिक्षित, मर्यादित रोजगारीको अवसर प्राप्त गरी प्रयाप्तआय आर्जन गर्ने, सुखी नागरिक बसोबास गर्ने स्वच्छ, सुन्दर, पर्यटकीय, आत्मनिर्भर समृद्ध धुर्कोट गाउँपालिका निर्माण गर्ने तर्फ समषटिगत बार्षिक नीति तथा कार्यक्रम उन्मुख गरिएको छ।

धुर्कोट गाउँपालिकालाई उत्कृष्ट पर्यटकीय गन्तव्यको रुपमा स्थापित गर्ने, कृषि पेशामा आबद्ध नागरिकहरुको आय आर्जनमा बृद्धि गर्ने, शिक्षा क्षेत्रको गुणात्मक सुधार मार्फत अब्बल जनशक्ति उत्पादन गर्ने, आधारभूत स्वास्थ्य सेवाको ग्यारेन्टी र आकस्मिक स्वास्थ्य सेवाको प्रबन्ध गर्ने, सार्वजनिक सेवा प्रवाहलाई सुदृढीकरण र सरलीकरण गर्ने कुरालाई यस नीति तथा कार्यक्रमले प्रमुख प्राथमिकताहरुको रुपमा लिएको छ।

**सभाका सदस्यहरु,**

विश्व व्यापीरुपमा फैलिएको कोभिड-१९ महामारीबाट थलिएर माथि उठ्न लागेको अर्थतन्त्र पुनः रुस-युक्रेन युद्ध र सोबाट विश्व आपूर्ति श्रृंखलामा आएको संकुचनले नेपाललाई समेत प्रभाव पारेकोछ। यसबाट संघीय सरकारको राजश्व परिचालनमा प्रभाव पर्न गइ स्थानीय तहले पाउनु पर्ने वित्तीय हस्तारणमा नकारात्मक असर पुगेकोछ।

नेपालले जनसांख्यिक लाभ लिदै अल्प विकसित मुलुकबाट विकासशील मुलकको श्रेणीमा उक्लिनै लाग्दा हरेक दिन २ देखि ३ हजार युवाहरू रोजगारीको खोजीमा नेपाल छोडेर विदेसिनु पर्ने अवस्थाले हामी सवैलाई गम्भीर वनाएको छ।यसबाट हाम्रो पालिका पनि अछुतो रहन सकेको छैन। वसाइसराइका कारण हाम्रा गाउँघरहरू सुनसान वस्तीका रूपमा रूपान्तरित हुन पुगेकाछन। उब्जाउ खेत वारी बाँझो

हुन पुगेकाछन। यस सन्दर्भमा युवालाई देशभित्रै रोजगारीको अवसर सृजना गर्ने र गाउँघरको वसाइलाई आकर्षक वनाउने चुनौती हामी सबैको साझा चिन्तनको विषय हुन पुगेकोछ। यसका बावजुद नेपालको संविधानले निर्दिष्ट गरेको नागरिक हक अधिकारको रक्षा गरी आर्थिक विकासको माध्यमबाट स्थानीय सरकारलाई सवल, सक्षम र समृद्ध वनाउन धुर्कोट गाउँपालिकाले आवधिक योजना निर्माण गरी अल्पकालीन, मध्यमकालीन र दिर्घकालीन लक्ष्यका साथ अघि बढेको छ। महिला, जनजाती, दलित, अपांग,जेष्ठ नागरिक, बालबालिका तथा पिछडिएको वर्ग जस्ता वहिस्करण र बञ्चितिकरणमा परेका वर्ग र समुदायलाई नीति तर्जुमा देखि कार्यान्वयन हुँदै समीक्षाको तह सम्मको सम्पूर्ण चरणमा सहभागी गराई विकासको मुल प्रवाहमा सहभागी गराउन गाउँपालिका क्रियाशिल रहेको छ।

सेवा प्रवाहलाई थप प्रभावकारी बनाइ सुशासनको अनुभूति जनमानसमा ल्याउन जनशक्तिको क्षमता विकास गर्न समेत अपरि हार्यरहेको देखिन्छ। यसका लागि बिद्युतीय सुशासन प्रणालीलाई सेवा प्रवाहमा ब्यापक र प्रभावकारी वनाउनु पर्ने अवस्था देखिन्छ। सम्पूर्ण जनप्रतिनिधिहरुलाई जनताका माग र आवश्यकतालाई सम्मान गर्दै जनता प्रति उत्तरदायी बनाउदै उत्साह पूर्वक अगाडी बड्न अपिल गर्दछु। राष्ट्र सेवक कर्मचारीहरुको मनोवललाई उच्च राखी अझ प्रभावकारी ढंगबाट सेवा प्रदान गर्न उत्प्रेरीत हुन अपिल गर्दछु साथै सामुदायिक विद्यालयमा गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि शिक्षक, व्यवस्थापन समिति, शिक्षक अभिभावक सघंलाई परिवर्तन र रुपान्तरणका लागि अनुरोध गर्दै सम्पूर्ण विद्यार्थी भाईबहिनीहरुलाई मेहनतका साथ अध्ययन गर्न अपिल गर्दछु। शान्ति शुरक्षा र सुव्यवस्था कायम गर्नका लागि शुरक्षाकर्मीहरुलाई आफ्नो मन, वचन र कर्मले समर्पित हुन अपिल गर्दछु।

**सभाका सदस्यहरु,**

अव म हाम्रा सामु रहेका अवसर तथा चुनौतीहरु प्रस्तुत गर्न चाहान्छु।

**विद्यमान अवसरहरूः**

१. संविधानतः अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भइ २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु।
२. आफ्ना अधिकार क्षेत्र भित्रका विषयमा नीति तथा ऐन, कानून तर्जुमा गर्ने अधिकार हुनु।
३. गाउँपालिकाको आवधिक योजना र मध्यमकालिन खर्च संरचना निर्माण भई अगाडीको गन्तव्य स्पष्ट हुनु।
४. गाउँपालिका भित्र भौगोलिक तथा सांस्कृतिक विविधता रहनु।
५. सबै वडामा सडक पूर्वाधारको पहुँच हुनु।
६. सडक निर्माणमा भएको लगानी संगै गाउँपालिकामा उत्पादित कृषिजन्य उत्पादनलाई बजार सम्मको पहुँच स्थापित हुनु।
७. पालिकाको उत्तर र दक्षिण दुवै तर्फ प्रयाप्त जलस्रोत सहित छल्दी र पनाह नदी प्रवाहित हुनु।
८. धुर्कोट कोट, शहिद पार्क, विचित्र गुफा, झल्याकोट, कालिका मन्दिर, कुमारी देवी मन्दिर, अजमिर कोट, नागेश्वर मनोरम गुफा, थामका चौर जस्ता थुप्रै ऐतिहासिक तथा साँस्कृतिक पर्यटकीय गन्तव्य

उपलब्ध हुनु।

९. अनुभवी जनप्रतिनिधि तथा कर्मचारीको उपलब्धता हुनु।

**विद्यमान चुनौतीहरू:**

१. रोजगारउन्मुख सीपमूलक शिक्षाको विकास गर्नु।
२. कृषि उत्पादनलाई बजारको सुनिश्चितता गर्नु।
३. युवा जनशक्तिलाई कृषि ब्यवसायप्रति आकर्षित गर्नु।
४. व्यवसायिक कृषकको संख्या वृद्धि गर्नु।
५. वैदेशिक रोजगारीबाट फर्केका सीप युक्त युवाको सीप तथा पुँजीलाई उद्यम विकासमा उपयोग गर्नु।
६. निर्माण भएको पूर्वाधारको मर्मत संभार र दिगो संचालन पद्धतिको विकास गर्नु।
७. स्थानीय स्तरमै गुणस्तरीय शिक्षा, स्वास्थ्य र रोजगारीको सुनिश्चितता गरी बसाइसराइको दर कम गर्नु।
८. गाउँपालिकाको उच्च स्थानमा रहेको कृषि योग्य जमिनमा सिंचाईको व्यवस्था गर्नु।
९. बादर, बदेल, दुम्सी, राते, चितुवा, चौवडा जस्ता वन्यजन्तुबाट कृषि बाली तथा पशु धनको सुरक्षा गर्नु।
१०. जनप्रतिनिधिहरुमा कानूनी ज्ञानको अभाव, दरवन्दी अनुसारको कर्मचारी पदपूर्ती नहुनु, प्राविधिक सिपयुक्त दक्ष जनशक्तिको अभाव हुनु।
११. संघ प्रदेश र स्थानीय तहका अधिकारका साझा सुची भित्रका विषयमा आवश्यक कानुनहरु नबन्नु।
१२. तीन तहका सरकार वीच समन्वयको कमी हुनु।

**सभाका सदस्यहरु,**

अव म आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम तर्जुमाका आधारहरु प्रस्तुत गर्न चाहान्छु। नेपालको संविधानमा स्थानीय शासन सम्बन्धी उल्लेख भएको नीतिगत ब्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहले आवधिक, वार्षिक तथा रणनीतिक योजनाहरू बनाई लागू गर्दै जानुपर्ने प्रावधान, राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, पन्ध्रौं आवधिक योजनाको मूलभूत पक्षहरू तथा टोल तथा वस्ती स्तर देखि कार्यपालिका सम्मको विभिन्न चरणको सहभागितामूलक प्रक्रियाबाट धुर्कोट गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम तयार गरिएकोछ।

नेपालको संविधान, पन्ध्रौं योजना, दिगो विकास लक्ष्य २०३० को मार्गचित्र, स्थानीय सरकार संचालन ऐन २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४, संघीय र प्रदेश सरकारले जारी गरेका नीति कानुन तथा मापदण्डहरु, नेपाल सरकार, लुम्बिनी प्रदेश सरकार र धुर्कोट गाउँपालिकाको आवधिक योजना, धुर्कोट गाउँपालिकाको मध्यमकालीन खर्च संरचना, विकासका अन्तर सम्बन्धित विषयहरु(Cross cutting issues), नेपाल सरकारले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिबद्धता बाट सिर्जित दायित्वहरु, गाउँपालिकाले कार्यान्वयनमा ल्याएका कानुनी प्रावधान समेतलाई ध्यानमा राखी यो नीति तथा कार्यक्रम ल्याइएकोछ।

गुणस्तरीय पूर्वाधार विकास निर्माणको कार्यमा धुर्कोट गाउँपालिका भित्रका आम उपभोक्ताहरु,

सर्वसाधारण जनता, उद्योगी ब्यवसायीहरु, सामाजिक संघसंस्थाहरु तथा विकास साझेदारहरूको निरन्तर सहयोग रहदै आएको छ। विकास र सुशासनको लागि जनप्रतिनिधिहरुले स्पष्ट दृष्टिकोण सहित अगुवाई गर्ने हो भने प्रशासनिक संयन्त्रले त्यसलाई प्राविधिक तथा कानुनी ढाँचा भित्र आवद्ध गराउन सक्दछ। आम नागरिकहरुले साथ, सहयोग, समर्थन र रचनात्मक सुझाव दिदै नीति तर्जुमा देखि यसको प्रभाव मुल्यांकन सम्मका प्रकृयाहरुमा आवश्यकता अनुसार सहभागी भएर गाउँपालिकाको विकासमा योगदान दिन सक्दछन । शासकीय प्रबन्धमा जवाफदेहिता, पारदर्शिता, जनसहभागिता, गुणस्तरीयता एवं स्वच्छतायुक्त नीतिलाई गाउँपालिकाले निरन्तरता दिनेछ।

गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण (O & M) लाई गाउँसभाबाट पारित गरि सकिएको छ। छरितो एवं चुस्त संगठन संरचना मार्फतसेवा प्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाइनेछ। चालु खर्चलाई कम गर्दै पुँजीगत खर्च बढाउने नीति लिइएको छ। संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान एवं वित्तीय हस्तान्तरणको उच्चतम र प्रभावकारी परिचालन एवं उपयोग गर्दै वित्तीय आत्मनिर्भरता कायम गर्न प्रयत्न गरिने छ।

वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा गाउँपालिकालाई प्रत्यक्ष भेटेर, फोन मार्फत, सुझाव संकलन कार्यक्रममा भौतिक रुपमा उपस्थित भएर, अनलाईन सुझाव संकलन फारम भरेर, इमेल, फेसबुक, जुम बैठक जस्ता सञ्चारका आधुनिक प्रणाली तथा सामाजिक सञ्जालको माध्यमबाट महत्वपूर्ण सुझाव दिनु हुने सम्पूर्ण राजनीतिक दलका प्रतिनिधी, पूर्व जनप्रतिनिधी, कर्मचारी, पेशावित, विज्ञ, उद्योग व्यवसायी, कृषक, महिला सञ्जाल, बाल क्लव, युवा क्लव, शैक्षिक व्यक्तित्वहरु, पछाडी परेका बर्ग र समुदायलाई प्रतिनिधित्व गर्ने संयन्त्र, फरक क्षमता भएका व्यक्तित्वहरु, सञ्चारकर्मी, गाउँपालिका भन्दा बाहिर नेपालका विभिन्न शहर तथा बिदेशमा रहनुभएका पालिकाबासी तथा पालिका प्रेमी आमा, बुवा, दाजुभाई तथा दिदी बहिनीहरु लगायत सम्पूर्णमा गाउँपालिकाको तर्फबाट हार्दिक आभार सहित धन्यवाद व्यक्त गर्दछु।

**सभाका सदस्यहरु,**

अव म चालु आर्थिक वर्ष २०७९/०८० को हालसम्मका प्रमुख उपलब्धीहरूको संक्षिप्त विवरण प्रस्तुत गर्न चाहान्छु।

**आर्थिक विकास तर्फः**

हाल सम्म गत आर्थिक बर्षमा साना सिँचाई मार्फत कृषियोग्य जमिनको सिँचाईको व्यवस्थापन गरिएकोछ। कृषि अध्ययनरत विद्यार्थीहरुलाई टनेल निर्माणको लागि अनुदान प्रदान गरिएकोछ। कृषिमा यान्त्रिकीकरणको लागि मिनिट्रिलर, कुटानी पिसानी मेसिन, कर्नसेलर जस्ता यन्त्र उपकरण वितरण गरिएकोछ। सुन्तला पकेट कार्यक्रमलाई निरन्तरता दिइएकोछ। किसान सूचिकरण गर्न बाँकी रहेका वडा नं. ५,६ र ७ मा किसान सूचिकरण कार्यक्रम संचालन गरि सबै किसानको तथ्यांक संकलन गर्ने काम भइरहेकोछ। चालु आर्थिक बर्षमा करिब ४ सय रोपनी जग्गामा नर्सरी सहितको ६ वटा चक्लावन्दी निर्माण

कार्य सम्पन्न भएको छ। लम्पी स्कीन रोग विरुद्ध हरेक वडामा अभियानको रुपमा खोप कार्यक्रम सम्पन्न भएको छ।

ऐतिहासिक धुर्कोट दरवारको पुननिर्माण अन्तिम चरणमा पुगेकोछ। कोट क्षेत्र भित्र रहेको संग्राहलय निर्माणको काम यसै आर्थिक बर्षमा सम्पन्न हुनेछ। सहिद पार्क भित्र आवश्यक पर्यटकीय पूर्वाधार निर्माण भएको छ। बुढीकोट पर्यटकीय पदमार्ग निर्माणको काम निरन्तर चलिरहेको छ। कुमारीदेवी मन्दिर पुनर्निर्माणको काम आगामी आर्थिक बर्षमा सम्पन्न हुनेगरी सञ्चालन भइरहेको छ। विचित्र गुफामा पर्यटकीय पूर्वाधारको निर्माणकार्य चलिरहेको छ। नयाँ पर्यटकीय गन्तव्यको रुपमा वडा नं. ३ मा नागेश्वर मनोरम गुफा फेला परेको छ। सो क्षेत्रमा केही भौतिक पूर्वाधारको काम समेत सम्पन्न भएको छ। पचभैया पर्यटकिय क्षेत्रमा पर्यटकीय पूर्वाधार विकास गर्ने कार्यको सुरुवात भएको छ।

औद्योगिक ग्रामको निर्माण कार्य भइरहेको छ। गाउँपालिका भित्र नयाँ व्यवसायहरु दर्ता तथा सञ्चालनमा रहेका व्यवसायहरु नविकरण भइरहेका छन। गाउँपालिका भित्र विभिन्न समयमा वजार अनुगमन गरी वजारलाई नियमन गरिएको छ।

चालु आर्थिक बर्षमा कुल रु. ६० लाख राजश्व संकलन गर्ने लक्ष्य लिइएकोमा असार मसान्त सम्म लक्ष्य हाशिल गर्ने अपेक्षा लिइएको छ।

**सामाजिक विकास तर्फ :**

चालु आर्थिक बर्षमा गाउँपालिका भित्रका विभिन्न विद्यालयहरुमा थप ३९ वटा नयाँ कक्षा कोठा निर्माण भएका छन। जनकल्याण आधारभूत विद्यालय हाडहाडे र जनकल्याण प्रा.वि. पिपलधारामा UWS संस्थाको साझेदारीमा थप १६ वटा कक्षा कोठा निर्माण सम्पन्न हुदैछ। विद्यालयको लागि आवश्यकता अनुसार शौचालय, आई.सि.टि. ल्याब,पुस्तकालय र विज्ञान प्रयोगशालाको निर्माण गरिएको छ। विद्यार्थी संख्या अत्यन्त न्यून भएका ३ विद्यालयलाई नजिकको विद्यालयमा समायोजन गरिएको छ। यस्तै विद्यार्थी संख्या न्यून रहेका थप ७ वटा विद्यालयको तह घटुवा गरिएको छ।

हिमालय मा.वि. वस्तुमा वस सञ्चालनका लागि प्रकृया अन्तिम चरणमा पुगेको छ। निशुल्क स्यानिटरी प्याडको व्यवस्थाले महिनामारीको समयमा पनि पठन पाठनलाई सहज तुल्याएको छ। दिवा खाजा कार्यक्रमले विद्यार्थीको उपस्थितिमा सकारात्मक प्रभाव पारेको छ। धुर्कोट गाउँपालिकाको कक्षा १ देखि ८ सम्मको स्थानीय पाठ्यक्रम निर्माण गरिएको छ। कक्षा १ देखि ५ सम्मको पाठ्य पुस्तक लेखन तथा छपाई कार्य सम्पन्न गरि पठनपाठन सुरु गरिएको छ। विपन्न तथा दलित परिवारका छोरा छोरीलाई एस.ई.ई. पछिको प्राविधिक शिक्षा अध्ययनमा छात्रवृत्तिको व्यवस्था मिलाईएको छ। विभिन्न १२ वटा प्राथमिक विद्यालयलाई कम्प्युटर तथा प्रिन्टर उपलब्ध गराइएको छ। वडा स्तर तथा गाउँपालिका स्तरमा विभिन्न खेलकुद कार्यक्रम सम्पन्न गरिएको छ।

स्वास्थ्य संस्थाहरुमा अत्यावश्यक औषधीको अभाव नहुने गरी वितरण प्रणालीको प्रबन्ध मिलाईएको छ। धुर्कोट गाउँपालिकालाई पूर्ण खोप गाउँपालिका घोषणा गरिएको छ। ५ बर्ष मुनिका बालबालिकालाई

भिटामिन ए खुवाइएको छ। यसै आर्थिक बर्ष देखि थप स्थान गाउँपालिकाको केन्द्र बर्बोट तथा वडा नं. ३ हाडहाडेमा आयुर्वेद गाउँघर क्लिनिक सञ्चालन गरिएको छ। गरीब विरामीहरुका लागि यातायात खर्चको व्यवस्थापन गरिएको छ। विभिन्न रोगका विरामीहरुलाई निशुल्क औषधी उपचारको लागि सिफारिस गरिएको छ। सम्पूर्ण महिला स्वास्थ्य स्वयंसेविकालाई बच्चा तौलने मेसिन तथा दराज वितरण गरिएको छ साथै यसै वर्ष कल्याणकरी कोषको स्थापना गरिएको छ। स्वास्थ्य संस्थाको न्यूनतम सेवा मापदण्ड तथा गुणस्तर मापन कार्यक्रम सम्पन्न भएको छ। १५ वेडको धुर्कोट आधारभुत अस्पतालको सेवा सञ्चालनको लागि प्राथमिक स्वास्थ्य केन्द्रमा आवश्यक संरचना निर्माण गरिएको छ। विभिन्न स्वास्थ्य उपकरणको व्यवस्था साथै ILR रेफ्रिजिरेटर व्यवस्थापन गरिएको छ। स्वास्थ्य संस्थाहरुमा विभिन्न सामग्रीको व्यवस्थापन, स्वास्थ्यकर्मी तथा स्वयंसेवीकाहरुको अवलोकन भ्रमण, स्वास्थ्य संस्थाको पहुँच भन्दा टाढा रहेका समुदायहरुमा स्वास्थ्य अभिमुखिकरण कार्यक्रम, घुम्ती शिविर मार्फत स्वास्थ्य सेवा प्रवाह जस्ता काम सम्पन्न भएका छन। चौरासी वर्ष नाघेका वृद्ध वृद्धहरुका लागि समय समयमा घरमै पुगी स्वास्थ्य उपचारको प्रबन्ध मिलाइएको छ।

गाउँपालिकाको खानेपानी तथा स्वच्छता सम्बन्धी योजना निर्माण सम्पन्न भएको छ। एक घर एक धारा कार्यक्रम अन्तर्गत चालु आर्थिक बर्षमा थप ३८६ घरमा खानेपानीका धारा जडान गरिएको छ। यसरी हाल सम्म गाउँपालिकामा ३९२८ घरमा एक घर एक धारा जडान गरिसकिएको छ। ठूलामुल लिफ्टिङ खानेपानी, डालहाले लिफ्टिङ खानेपानी, कोप्चेपानी लिफ्टिङ खानेपानी र सिम कोदार उदिना लिफ्टिङ खानेपानी आयोजना यसै बर्ष सम्पन्न हुने चरणमा रहेका छन। धुर्कोट ५ वस्तुमा रहेको ऐतिहासिक रानी पधेरोको पुनर्निमाण गरिएको छ। सामाजिक सुरक्षा भत्तालाई बैंक मार्फत टोल टोलमा पुगी वितरण गरिएको छ। यसै आर्थिक बर्षमा चितवनको भरतपुर महानगरपालिका सँग भगिनी सम्बन्ध स्थापना भएको छ।

**पूर्वाधार विकास तर्फ :**

गाउँपालिका भित्र हालसम्म ८ किलोमिटर सडक कालोपत्रे भएको छ। १५ किलोमिटर सडक ग्राभेल गरिएको छ। चालु आर्थिक बर्षमा ११९ किलोमिटर सडकको स्तर उन्नति गरिएको छ। १४ किलोमिटर सडकको नयाँ ट्र्याक खोलिएको छ। गाउँपालिकाले विभिन्न वस्ती र पर्यटकीय क्षेत्रहरुमा समेत सर्वयाम गाडी चल्ने सडक पूर्वाधार विस्तार गरेको छ। निर्माणाधिन गाउँपालिकाको प्रशासकीय भवनको तल्ला ढलान कार्य सम्पन्न भएको छ भने बाँकी निर्माण कार्य निरन्तर चलिरहेको छ। वडा नं. ४ जैसिथोक र वडा नं. १ नयागाउँ जोड्ने पक्की पुलको निर्माण कार्य चलिरहेको छ। वडा नं. २ को नागधारेमा झोलुङ्गे पुल निर्माण कार्य सम्पन्न भएको छ त्यस्तै वडा नं. ५ वस्तुमा विचित्र गुफा क्षेत्र र राङ्गदल क्षेत्र जोड्ने गरी झोलुङ्गे पुलको निर्माण कार्य चलिरहेको छ। चालु आर्थिक बर्षमा मनसुनजन्य विपद् बाट क्षती भएका १२५ वटा घरहरुको पहिलो किस्ता वापतको रकम निकासा गरिएको छ। सुरक्षित नागरिक आवास अन्तर्गत ९८ घरको सम्झौता भइसकेको छ भने विपन्न परिवार जस्तापाता ५० प्रतिशत अनुदान अन्तर्गत सम्झौता भएका ९० घरले जस्तापाता युक्त घर निर्माण गर्नेछन। गाउँपालिका भित्र रहेका भुमिहिन दलित, भुमिहिन

सुकुम्वासी र अव्यवस्थित बसोबासी मध्ये २२९ जनालाई लाजपूर्जाको लागि जग्गाको निस्सा वितरण गरिएको छ।

**सुशासन तथा संस्थागत विकास तर्फ :**

गाउँपालिका तथा वडा कार्यालयबाट प्रदान गरिने सेवालाई गुणस्तरीय, भरपर्दो, पारदर्शी र प्रभावकारी बनाउन गाउँपालिका र ७ वटै वडा कार्यालयहरुमा डिजिटल नागरिक वडा पत्र जडान गरिएको छ। वडा कार्यालयको सेवा प्रवाहलाई सूचना मैत्री वनाउनका लागि प्रविधि मार्फत गुणस्तरीय सेवा विस्तार कार्यक्रम अन्तर्गत सबै वडाहरुमा सूचना प्रविधि सहजकर्ताको व्यवस्था गरिएको छ। आम नागरिकको सूचनाको हकलाई सुनिश्चित गर्न गाउँपालिका तथा वडा कार्यालयहरुको कामलाई जनसमुदाय सम्म पुर्याउन र पारदर्शी बनाउनको लागि अहिले सम्म भएका तथा गरिएका कामहरु गाउँपालिकाको आफ्नै आधिकारिक वेवसाइट तथा फेसबुक मार्फत अपडेट गरिएको छ। गाउँपालिका भित्रका शिक्षकहरुलाई कम्प्युटर तालिम, लेखा व्यवस्थापन तालिम, गणित विषय शिक्षक तालिम, नव प्रबर्द्धनात्मक शिक्षण विधि तालिम लगायतका विभिन्न क्षमता विकास तालिमहरु प्रदान गरिएको छ। कर्मचारी र स्वास्थ्यकर्मीहरुलाई सिप विकास तथा क्षमता विकास सम्बन्धी तालिमहरु सञ्चालन गरिएको छ। स्थानीय तह संस्थागत क्षमता स्व-मुल्यांकन(LISA) तथा स्थानीय तह वित्तिय सुशासन जोखिम मुल्यांकन (FRA) मा धुर्कोट गाउँपालिका जिल्लामै अग्र स्थानमा रहन सफल भएका छ।

**सभाका सदस्यहरु,**

अव म विषयगत रुपमा धुर्कोट गाउँपालिकाले अवलम्बन गर्ने आगामी आर्थिक बर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहान्छु। गाउँपालिकाको श्रोतको अनुमान, प्राप्ति, परिचालन र उपभोक्ता-नागरिक सहभागिताको प्रबर्द्धधन गर्दै बजेटको प्रभावकारिता, प्रतिफल र पारदर्शी रुपमा कार्यान्वयन गरिनेछ। योजना कार्यान्वयनमा चुस्तता कायम गर्ने प्रविधिको अधिकतम प्रयोगमा जोड दिइनेछ।

१. **आर्थिक विकास :**

"उत्पादन गरौं, आत्मनिर्भर बनौं
समृद्ध धुर्कोट हामी मिली बनाऔं"

**क) कृषि :**

१. कृषि उपजको आयात प्रतिस्थापनको नीति लिई कृषि तथा पशुपालनलाई आधुनिक प्रविधिमा आधारित तुल्याउदै बजारीकरण र व्यवसायिकरण गरिनेछ।

२. स्थानीय अर्थतन्त्रमा उल्लेखनीय योगदान दिन सक्ने सुन्तला खेतीको विस्तार गर्दै यसको गुणस्तरीयतामा बृद्धि गरिनेछ।

३. स्थानीय रैथाने वालिहरुको विउ संरक्षण, खेती विस्तार र वजारीकरणको लागि विशेष प्रबन्ध

मिलाईनेछ। गाउँपालिका भ्रमण गर्ने पर्यटकहरुलाई स्थानीय परिकारको ब्राण्डको रुपमा त्यस्तो खाना उपलब्ध गराइनेछ।

४. उत्पादन लागत, थोक तथा खुद्रा मुल्य विश्लेशण गर्दै विचौलियाबाट उत्पादकमाथि हुने ठगी तथा शोषण नियन्त्रणका लागि मुख्य कृषि उपजको गाउँपालिकाभित्र समर्थनमुल्य निर्धारण गरिनेछ । बजारमा हुने मागको जोखिमलाई न्यूनीकरण गर्न ब्यावसायिक कृषकका लागि तोकिएको मुल्यमा गाउँपालिकाले विक्री हुन नसकेको उत्पादन किन्ने ग्यारेन्टी (Buy back guarantee) गरिनेछ।

५. ब्यावसायिक कृषि पकेट क्षेत्रमा सिंचाई, कृषि सडक, विद्युतिकरण, कृषि बजार तथा गोदाम घरहरुको पूर्वाधार निर्माण गरिनेछ।

६. कृषि उत्पादनको मुल्य श्रृंखलाको विकासलाई थप प्रभावकारी वनाउने क्रममा कृषि उपजको बजारीकरणका लागि कृषि बजार प्रणाली सफ्टवेयर निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ।

७. कृषि उत्पादनका सन्दर्भमा स्थान अनुकुलको कृषि कार्यक्रम संचालन गरिनेछ।

८. वन्य जन्तुबाट कृषि उत्पादनमा हुने क्षतिलाई नियन्त्रण गर्न विशेष पहल गरिनेछ।

९. कृषि योग्य भूमीको खण्डिकरणलाई रोकी भूमिको चक्लावन्दी गर्ने कार्यलाई विस्तार गरिनेछ।

१०. कृषि क्षेत्रमा मुलत प्रतिफलमा आधारित अनुदानको नीति अवलम्बन गरिनेछ। सुन्तला, कागती लगायतका अमिला जातका फलफुल, नयाँ जातका फलफुल र नगदे वालीलाई प्रबर्द्धन तथा विकास गरिनेछ।

११. उत्पादन र उत्पादकत्व बृद्धका लागि प्रविधिको अधिकतम प्रयोग, माटोको गुणस्तर कायम, पर्याप्त मलखाद, सिंचाईको उपलब्धता तथा उन्नत विउवीजनको प्रयोगलाई प्राथमिकता दिइनेछ।

१२. भटमास, गुन्द्रुक, फापर, सुर्बुजो, सिलाम, लट्टे, कोदो, जुनेलो लगायतका परम्परागत कृषि उपजहरुको विक्रिको ग्यारेन्टी गाउँपालिकाले गर्ने छ।

१३. स्थानीय स्तरको भु-उपयोग नीति कार्यान्वयन गरिनेछ।

१४. गाउँपालिका भित्र बाझो रहेको जमिनलाई खेतियोग्य बनाउने किसानलाई अनुदानको व्यवस्था गरिनेछ।

**ख) पशुपालनः**

१. पशुमा नश्ल सुधारका लागि प्राकृतिक तथा कृत्रिम गर्भाधानको कार्यक्रमलाई प्रभावकारी वनाइनेछ साथै पशुमा कृत्रिम गर्भाधान गर्ने किसानहरुलाई प्रोत्साहन गरिनेछ।

२. उन्नत जातको गाइ भैसी तथा बाख्रापालन, आधुनिक किसिमको गोठ तथा खोरको व्यवस्था र उन्नत जातको घास उत्पादन सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

३. वजार पूर्वाधारको विकास, प्राविधिक सेवाको विस्तार, सरल कृषि कर्जाको व्यवस्था तथा उत्पादनमा संलग्न किसानहरुको व्यवसायिक दक्षता बृद्धि जस्ता कार्यक्रमहरु सञ्चालन गरिनेछ।

४. पशुपन्छी पालन, पशुपन्छी जन्य उत्पादन व्यवस्थापन र पशु स्वास्थ्य सम्बन्धी थप स्थानीय नीति, कानुन, मापदण्ड वनाइ प्रभावकारी कार्यान्वयन गरिनेछ।

५. कृषक घुम्ती विद्यालय कार्यक्रम सञ्चालन गरिनेछ।

६. पशु विमा वापत किसानले बुझाउने प्रिमियम रकममा ५० प्रतिशत अनुदानको नीतिलाई निरन्तरता दिइनेछ।

७. धुर्कोट कृषि तथा पशु उद्यमशिलता विकास परियोजना मार्फत सहकारीहरुको क्षमता अभिबृद्धि, कृषि उत्पादनमा बृद्धि तथा बजारिकरण, मासु उत्पादनमा बृद्धिको लागि साझेदारीमा सञ्चालित कार्यक्रमलाई प्रभावकारी बनाइनेछ।

**ग) सहकारी तथा वित्तीय क्षेत्र :**

१. सहकारी संस्थाहरुको संस्थागत सुशासन प्रवर्द्धधन गर्दै निच्छेपकर्ताहरुको हित संरक्षणका लागि अनुगमनलाई प्रभावकारी तुल्याइनेछ।

२. सहकारीहरुको माध्यमबाट उत्पादनशील क्रियाकलापमा संलग्न नागरिकहरुको पूँजी संकलन तथा परिचालन गरी साना तथा स्वरोजगारीका अवसर श्रृजना गरी गरिबी न्यूनिकरण गर्ने योजनालाई निरन्तरता दिइनेछ।

३. गाउँपालिकाभित्र स्थापना हुने कृषि समूह निजी फर्म र सहकारीहरुको दर्ता तथा कार्य क्षेत्र अनुमति जस्ता विषयहरुलाई व्यवस्थित ढंगले अघि बढाइनेछ।

४. महिला द्वारा सञ्चालित सहकारी एवं उत्पादनमुलक सहकारीद्वारा सञ्चालित कार्यक्रमलाई प्राथमिकतामा राखि प्रोत्साहन गरिनेछ।

५. शिक्षा तालिम र सूचनाको माध्मबाट सहकारीको संस्थागत क्षमता विकास र सहकारी सम्बन्धी जनचेतना अभिबृद्ध गरिनेछ।

६. कृषि उत्पादन, भण्डारण, प्रशोधन तथा वजारिकरण र कृषि सामाग्रीको आपूर्ति व्यवस्थापनमा कृषि सहकारी संस्थाहरुको संलग्नतालाई प्रोत्साहन गरिनेछ।

७. विकास साझेदारहरुको सहकार्यमा लक्षित समुदाय र क्षेत्रमा सहकारी संघ संस्थाहरुको स्थापना र संचालनका कार्यक्रमहरु संचालन गरिनेछ।

८. समुदायका सदस्यहरुलाई सहकारीको माध्यमबाट एकजुट भई उद्योग व्यवसाय सञ्चालन गर्न उत्प्रेरित गर्ने खालका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

९. उत्पादनमूलक सहकारीहरुको स्थापना गरिएमा विँउपूजी लगानीको रुपमा सहयोग उपलब्ध गराइने र वार्षिक उत्पादनका अनुदान दिने नीति लिइने छ।

**घ) उद्योग तथा वाणिज्य :**

१. स्थानीय स्रोत साधन कच्चा पदार्थ र सिपको परिचालन गरी लघु, घरेलु तथा साना उद्योगमा लगानी बृद्धि गरी यस्ता उद्योगको स्थापना, विकास र प्रबर्द्धधन गर्दै रोजगारी सृजनाको माध्यमबाट स्थानीय अर्थतन्त्रमा योगदान पुर्याउन निर्माणाधिन अवस्थामा रहेको औद्योगिक ग्रामको निर्माण कार्यलाई तिब्र रुपमा अगाडी बढाइनेछ।

२. परम्परागत रुपमा सञ्चालन रहेका आरन, सिलाई कटाई, जुत्ता सिलाई जस्ता व्यवसायको संरक्षण गरिनेछ।
३. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मार्फत थप उद्यमीहरु तयार गरिनेछ।
४. उद्योग व्यवसाय दर्ता, नवीकरण, स्थानान्तरण तथा नामसारी जस्ता प्रशासनिक प्रकृयालाई सूचना प्रविधिको प्रयोग गरी सरलीकरण र प्रभावकारी बनाइनेछ।
५. वैदेशिक रोजगारबाट प्राप्त रेमिटेन्सको ब्यावसायिक तथा उत्पादनमुलक क्षेत्रमा लगानी गर्ने वातावरण निर्माण गर्न विशेष पहल गरिनेछ।
६. घरेलु तथा साना उद्योग विकासका लागि आवश्यक प्रोत्साहन गरिने र स्थानीय उत्पादनको उपभोग र प्रबर्द्धननमा जोड दिइनेछ।
७. गाउँपालिका भित्र रहेका सम्भावित तामा खानी, फलाम खानी लगायतका खनिजजन्य उद्योगको खोज अनुसन्धानका लागि संघ तथा प्रदेश सरकार संग पहल गरिनेछ।
८. विगतका बर्षहरुमा प्रदान गरिएको सिप विकास तालिम प्राप्त व्यक्तिहरुलाई पुर्नताजगी तालिमलाई निरन्तरता दिइनेछ।
९. पालिका भित्र सञ्चालित व्यापार व्यवसायको नियमन र सहजीकरण सम्बन्धी कार्य गरिनेछ।
१०. उपभोक्ता हित संरक्षण र बजार अनुगमनको कार्यलाई प्रभावकारी बनाइनेछ। साथै खाद्यान्न पसल र विषादीजन्य वस्तुहरुको विक्रि वितरणको लागि एउटै पसललाई अनुमती दिइने छैन।

ङ) **पर्यटन** :

१. पर्यटन मार्फत आर्थिक समृद्धि हासिल गर्न गाउँपालिकाको पर्यटन गुरुयोजना तर्जुमा गरी सोही आधारमा पर्यटन पूर्वाधार विस्तार र पर्यटन विकासका कार्यक्रमहरु संचालन गरिनेछ।
२. सूचना केन्द्र, पद मार्ग, प्रतीक्षालय र पर्यटकीय क्षेत्रमा पानीको व्यवस्था तथा शौचालय निर्माण, स्थानीय पर्यटक गाइडहरुको विकास जस्ता पर्यटकीय पूर्वाधारका कार्यक्रमहरुलाई थप व्यवस्थित गरिनेछ।
३. आगामी आर्थिक वर्षमा धुर्कोट दरवार क्षेत्रको पुननिर्माण तथा भौतिक पूर्वाधार विकास सम्बन्धी काम सम्पन्न गरिनेछ।
४. मुख्य स्थान चोक,गाउँपालिका भित्र छिर्ने सिमा नाकाहरुमा पर्यटकीय क्षेत्रको परिचय सहित पर्यटक आकर्षण गर्न होडिङ्ग बोर्ड/ डिजिटल डिस्प्ले बोर्ड राखिनेछ।
५. गाउँपालिका भित्र रहेका पर्यटकीय क्षेत्रहरु धुर्कोट दरवार, विचित्र गुफा, शहिद पार्क, झल्याकोट, घरीथुम, थामका चौर, मनकामना मन्दिर, धनमुडा होमस्टे, कुमारीदेवी मन्दिर, कालिकास्थान मन्दिर, बुढीकोट, सिद्धाथाना, नागेश्वर मनोरम गुफा, अस्कुना क्षेत्र, अजमिर कोट, पचभैया पर्यटन क्षेत्र लगायतका क्षेत्रको पूर्वाधार विकास तथा प्रचार प्रसारमा विशेष जोड दिइनेछ।
६. गाउँपालिका क्षेत्र भित्रका पर्यटकीय स्थलहरु जोड्न पर्यटकीय सडक संजाललाई थप व्यवस्थित गराइनेछ।
७. विभिन्न जातजातिको धार्मिक, सांस्कृतिक पर्व, संस्कार र संस्कृतिहरुको प्रवर्द्धधन गरिनेछ।
८. गाउँपालिका भित्रका पर्यटकीय स्थलहरुको प्रचार प्रसारका लागि डकुमेन्ट्री प्रसारण र ब्रुसर

हरुको वितरण गरिनेछ।

९. अन्तर पालिकाविच सम्बन्ध प्रवर्द्धन गर्दै अन्य स्थानीय तहहरुका असल अभ्यासलाई अनुसरण गरी पर्यटन प्रवर्द्धधन गर्न भगिनी सम्बन्ध जोडिएको छ। साथै थप पालिकाहरु संग भगिनी सम्बन्ध स्थापित गरिनेछ।

**च) रोजगारी:**

१. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ।

२. गाउँपालिका रोजगार बैंकको स्थापना गरी दक्ष, अदक्ष तथा शैक्षिक वेरोजगारीको बर्गिकृत तथ्यांक संकलन गरिनेछ। रोजगार बैंकमा समावेश भएका व्यक्तिहरुलाई गाउँपालिकाभित्र वा बाहिर रोजगारीको अवसर आएमा प्राथमिकता दिइनेछ।

३. गाउँपालिका भित्र निर्माण हुने आयोजनामा स्थानीय व्यक्तिलाई रोजगारमा प्राथमिकता दिइने प्रबन्ध मिलाईनेछ।

४. युवा लक्षित रोजगारका अवसरहरु सृजना गर्ने तर्फ पहल गरिनेछ।

५. निजी क्षेत्र मार्फत रोजगारी सृजना गर्ने व्यवसायिक उत्पादनलाई प्राथमिकता दिइ रोजगारी सृजनाका आधारमा सहुलियत र सहायता उपलब्ध गराइनेछ।

६. ५ जना सम्मका प्रत्यक्ष रोजगारी दिने उद्योगको लागि मेसिन औजारमा अनुदानको व्यवस्था गरिनेछ।

## २. सामाजिक विकास :

**क) शिक्षा :**

"गुणस्तरीय शिक्षा हामी सबैको सदिक्षा"

१. आवश्यकता र वास्तविक जीवनसँग जोड्ने र काम सिकाउने जीवनपयोगी सीपमा आधारित शैक्षिक पाठ्यक्रमको विकास गरी सोही अनुसारको पठनपाठनको व्यवस्था मिलाईनेछ। त्यस्तो पाठ्यक्रममा अतिरिक्त क्रियाकलाप, कृषि सेवासंग सम्बन्धित क्रियाकलाप, विविध समुदायका जातीय तथा सांस्कृतिक पहिचानहरुको बोध गराउन अवलोकन भ्रमण पद्धतिबाट अभ्यास कक्षा र प्रयोगात्मक शिक्षा दिन जोड दिइनेछ।

२. विद्यालय बाहिर रहेका र बीच मै विद्यालय छोड्ने अवस्थाका बालबालिकाहरुलाई विद्यालय शिक्षा पुरा गर्न प्रोत्साहनका लागि विशेष प्याकेज सञ्चालन गरिनेछ।

३. विपन्न तथा दलित परिवारका छोरा छोरीलाई एस.ई.ई. पछिको प्राविधिक शिक्षामा अध्ययनका लागि छात्रवृतिको व्यवस्थालाई निरन्तरता दिइएको छ।

४. विद्यालयहरुको भौतिक पूर्वाधार, स्वास्थ्य तथा सरसफाईको सुविधा र आधारभूत खानेपानी सुविधा विस्तार गर्दै शिक्षकहरुको ब्यावसायिक क्षमता विकासको लागि लगानी गरिनेछ।

५. विद्यालयहरुको विभिन्न सूचकहरुको आधारमा वर्गिकरण गरी वैज्ञानिक ढंगले सहयोगका कार्यक्रमह सञ्चालन गरिनेछ।

६. विषयगत शिक्षकहरुको अभिलेख व्यवस्थापन गरी गाउँपालिकाको शैक्षिक विकासमा उनीहरुको अनुभवलाई उपयोग गरिनेछ।

७. सामुदायिक विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपातमा विषयगत दरबन्दी एवं शिक्षक सरुवालाई व्यवस्थापन गरिनेछ।

८. विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण गर्दा बालमैत्री तथा अपाङ्गतामैत्री संरचना निर्माण गरिनेछ।

९. शिक्षक तथा विद्यालय कर्मचारीहरुको पारिश्रमिक मासिक रुपमा सोझै सम्बन्धित व्यक्तिको खातामा जम्मा हुने प्रणाली लागु गरिने छ।

१०. गाउँपालिका क्षेत्र भित्रको एक मात्र किरातेश्वर संस्कृत पाठशालाको स्तर उन्नति गर्दै लगिनेछ। साथै नियमित सञ्चालनको लागि सहयोग गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

११. बुबाआमा नभएका अनाथ बालबालिकाहरुलाई १२ कक्षा सम्मको आवासीय शिक्षाको सुनिश्चितता गरिनेछ।

१२. दलित, जनजाति, विपन्न, सहिद परिवार र द्वन्द पीडित परिवारका छोराछोरीहरुको शिक्षाका लागि छात्रवृत्तिको व्यवस्थालाई निरन्तरता दिइनेछ।

१३. शिक्षक, विद्यार्थी र अभिभावक विच अर्न्तक्रिया कार्यक्रम सञ्चालन गरिनेछ।

१४. "हाम्रो विद्यालय हामी सुधाछौं" भन्ने नाराका साथ अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ।

१५. सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर बृद्धिका लागि शिक्षकहरुको तालिम, विद्यालयको भौतिक संरचना, खानेपानी, सरसफाई, अभिभावक शिक्षा लगायतका कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ।

१६. ट्युसन, कोचिङ्ग जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमती तथा नियमन गरिनेछ।

१७. विद्यार्थी सिकाई उपलब्धीको परिक्षण र व्यवस्थापन गरिनेछ। साथै सिकाइ सुधार सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

१८. शिक्षामा लैंगिकता तथा समावेशीताका चेतनामुलक कार्यक्रम अन्तर्गत यौनिकता सम्बन्धमा शिक्षा/अभिमुखिकरण, स्यानिटरी प्याड, महिनावारीजन्य सरसफाई व्यवस्थापन अभिमुखिकरण, लैंगिक मैत्री सिकाईको बाताबरण स्थापना, लैंगिकतामा आधारित हिंसा र दुर्व्यवहार रोक्ने चेतनामुलक कार्यक्रम, महिला तथा बञ्चित समूहका लागि शिक्षा हासिल गर्न प्रोत्साहन दिने समुदायमा आधारित कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१९. विद्यालयमा पूर्वीय मुल्यहरुको अभ्यास सम्बन्धी योगा तथा आयुर्वेदिक अभ्यासहरु सञ्चालन गरिनेछ।

२०. सबै विद्यालयहरुमा इन्टरनेट सुविधा तथा सूचना प्रविधिको विस्तार गरी सूचना प्रविधिमा आधारित शिक्षण प्रणाली सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्न पोत्साहन गरिनेछ।

२१. शिक्षक, विद्यालय कर्मचारी, विद्यार्थी र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुलाई

अन्तर विद्यालय भ्रमणको व्यवस्था मिलाईनेछ।

२२. प्राविधिक धारको कक्षा सञ्चालन भएका विद्यालयहरुको शिक्षण सिकाइलाई थप प्रभावकारी वनाइनेछ। प्रशिक्षार्थी प्रशिक्षणमुलक क्रियाकलाप तथा पढ्दै कमाउदै जस्ता प्राविधिक तथा व्यवसायिक शिक्षा/तालिमका कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ।

२३. हिमालय आधारभुत विद्यालय धुर्कोट ५ लाई शैक्षिक संग्राहलयको रुपमा विकास गरिनेछ।

२४. विद्यार्थी संख्या न्यून भएका विद्यालयहरुलाई नजिकको विद्यालयमा गाभ्ने र दरवन्दी मिलान गर्ने कार्य भइरहेको छ र आगामी वर्ष पनि यसलाई निरन्तरता दिइनेछ साथै खाली हुने भौतिक संरचनाको संरक्षण स्थानीय आवश्यकताको आधारमा नमुना कार्यका लागि प्रयोगमा ल्याइनेछ।

२५. गाउँपालिका स्तरिय स्काउट तालिम सञ्चालन गरिनेछ।

२६. छोरा छोरी विद्यालय नपठाउने अभिभावकहरुलाई गाउँपालिकाबाट प्रदान गरिने विभिन्न सेवा, सुविधा तथा अनुदान कटौती गरिनेछ।

२७. माध्यमिक विद्यालयको लेखा विद्युतीय प्रणाली (सफ्टवेयर) मार्फत सञ्चालन गर्ने गरि व्यवस्था मिलाइनेछ।

२८. विद्यालय शान्ती क्षेत्र भएकोले शान्ती क्षेत्र उल्लघन गरेमा आवश्यक कारवाही गरिनेछ।

**ख) युवा तथा खेलकुदः**

१. खेलकुदको विकास गर्न विभिन्न खेलहरुका लागि खेलमैदान लगायतका खेल पूर्वाधार निर्माण तथा मर्मत सम्भार गरिनेछ।

२. विषयगत खेलका पुरस्कार राशीहरु स्थापना तथा दिगो ब्यवस्थापन गर्दै जाने नीति लिइनेछ।

३. विभिन्न किसिमका दुर्व्यसनमा परेका युवाहरुलाई निरोधात्मक, प्रवर्द्धधनात्मक र उपचारात्मक कार्यक्रमहरु मार्फत दुर्व्यसन मुक्त गराई समाजमा पुनस्थापनाको प्रबन्ध मिलाईनेछ।

४. वैदेशिक रोजगारबाट फर्केका युवाहरुले आर्जन गरेको ज्ञान र सिप सदुपयोग गर्दै स्वरोजगार र उद्यमशीलता विकासका लागि गाउँपालिकाको स्थानीय आर्थिक विकास योजना अन्तर्गत समावेश भएका नवप्रवर्तनशील, लगायतका प्रोत्साहनमुखी कार्यक्रम संग आवद्ध गरिनेछ।

५. युवा उद्यमशीलता विकासका कार्यक्रमहरु मार्फत युवालाई "विदेश हैन बिजनेस" भन्ने भावना जागृत तुल्याई स्वरोजगार उन्मुख गराइनेछ।

६. युवा बेरोजगारी न्यूनिकरणका लागि सरकारी, गैरसरकारी, सहकारी तथा निजी क्षेत्रको समन्वय र सहकार्यमा सिप तथा उद्यमशील क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ।

७. "एक वडा,एक व्यायामशाला" को नीति लिई युवाहरुलाई प्रशिक्षणको व्यवस्था मिलाईनेछ।

८. विपन्न, गरिब र सुकुम्वासी परिवारका युवाहरुलाई इलेक्ट्रोनिक्स सामग्री मर्मत, प्लम्बिङ्ग तथा इलेक्ट्रिसियन, ब्युटि पार्लर, ब्यावसायिक पशु पालन तथा तरकारी खेती जस्ता तालिमहरु प्रदान

गरी गरीबी न्यूनिकरण र जिविकोपार्जनमा सहजीकरण गरिनेछ।

९. गाउँपालिकाको गौरवका रुपमा रहेका खेलकुद प्रतियोगिताहरु आयोजना गर्न सहकार्य र साझेदारी गरिनेछ।

१०. स्थानीय स्तरमा युवा जागरण, सशक्तिकरण र परिचालन गरिनेछ।

ग) **स्वास्थ्यः**

१. नागरिकको पहुँच सुनिश्चित हुने गरी गाउँपालिकाक्षेत्र भित्र चिकित्सकीय र प्रयोगशाला सेवा तथा अनुसन्धानात्मक कार्यहरू सञ्चालन गर्न धुर्कोट आधारभुत अस्पतालको सेवा सञ्चालनको सुरुवात गर्दै स्वास्थ्य चौकीहरुको स्तर उन्नति गरि रोकथाम निधान र पुनस्थापन सेवालाई सहज र नियमित वनाइनेछ।

२. हरेक नागरिकलाई आधारभुत स्वास्थ्य सेवाको पहुँचबाट बञ्चित गरिने छैन साथै गर्भवतीलाई गाउँपालिका भित्रका स्वास्थ्य चौकीमा पुर्याउन निःशुल्क एम्बुलेन्स सेवालाई निरन्तरता दिइनेछ।

३. सामुदायिक विद्यालयहरुमा विद्यार्थीहरुको नियमित स्वास्थ परिक्षण गर्ने व्यवस्था मिलाईनेछ।

४. आर्थिक रुपमा अति विपन्न गाउँपालिकावासीहरुको स्वास्थ जाँच र उपचारका लागि निजहरुलाई अस्पताल ल्याउन-लैजान एम्बुलेन्स सेवाको प्रबन्ध गरिनेछ।

५. गाउँपालिका क्षेत्र भित्र हुने परम्परागत औषधीजन्य वनस्पतिको संरक्षण, खेति प्रबर्द्धधन र प्रशोधनका कार्यहरु संचालन गरिनेछ।

६. महिला स्वयंसेविकाहरुको दक्षता विकास तालिम उपलब्ध गराई उनीहरुको सेवालाई प्रभावकारी तुल्याइनेछ। अवधि पुगेका महिला स्वयंसेविकाहरुको सम्मानजनक विदाइको लागि कोष खडा गरी सेवाको लागि धन्यबाद प्रोत्साहन रकम उपलब्ध गराइनेछ।

७. स्वास्थ क्लिनिकहरुले प्रदान गर्ने आधारभुत सेवा तथा शुल्कलाई नियमन गरिनेछ।

८. स्वास्थ्य तथा आयुर्वेद तर्फको गाउँघर क्लिनिकको सेवालाई थप प्रभावकारी वनाइनेछ।

९. छाला तथा कुष्ट रोग, हात्तिपाइले रोग, क्षय रोग, स्वासप्रस्वास सम्बन्धी रोग, पाठेघरको क्यानसर जस्ता रोगहरुको खोजपड्ताल गरी उपचारको लागि विशेष प्रबन्ध मिलाईनेछ।

१०. कोरोना भाइरस जस्ता महामारीजन्य रोगहरुबाट बच्नको लागि आवश्यक पूर्व तयारी गरिनेछ।

११. स्वास्थ्यकर्मीहरुको क्षमता अभिबृद्धिको लागि सुरक्षित मातृत्व, दक्ष प्रसुती, नर्सिङ, युवा तथा किशोर किशोरी प्रजनन स्वास्थ्य, विभिन्न खोप सम्बन्धी, बालरोग व्यवस्थापन, पोषण सम्बन्धी, क्लिनिकल, सरुवारोग सम्बन्धी, महामारी रोग नियन्त्रण सम्बन्धी, RRT सम्बन्धी, क्षय रोग नियन्त्रण सम्बन्धी, एच.आइ.भि. एडस् नियन्त्रण सम्बन्धी, कुष्ट रोग सम्बन्धी, नसर्ने रोग सम्बन्धी, आयुर्वेद तथा बैकल्पिक चिकित्सा सम्बन्धी, मनोसामाजिक, स्वास्थय सम्बन्धी, सूचना व्यवस्थापन सम्बन्धी, प्रशासन तथा वित्तिय व्यवस्थापन सम्बन्धी, कार्यस्थल अनुशिक्षण सम्बन्धी, सञ्चार सिप सम्बन्धी तालिम तथा क्षमता अभिबृद्धि सम्बन्धी तालिम सञ्चालन गरिनेछ।

१२. स्वास्थ्य शिक्षा तथा सूचनाको लागि स्वास्थ्य सम्बन्धी सन्देशहरु स्थानीय रेडियो, टेलिभिजन, पत्रपत्रिका, अनलाईन माध्यम, फिल्प चार्ट, ब्रोसर आदि माध्यमबाट नियमित प्रचार प्रसार गरिनेछ।

१३. आयुर्वेद सेवा अन्तर्गत परिक्षण कार्यक्रम, आयुर्वेद उपचार कार्यक्रम, परामर्श सेवा, पंचकर्म सेवा, स्तनपाइ महिला सेवा, विद्यालय आयुर्वेद कार्यक्रम, जेष्ठ नागरिक सेवा, जडिबुटि प्रबर्द्धन जस्ता कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१४. स्वस्थ जिवन शैलीको लागि योगा सम्बन्धी कार्यक्रम, नागरिक आरोग्य कार्यक्रम, आहार व्यवहार सम्बन्धी कार्यक्रम, आयुर्वेद जिवनशैली सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१५. पालिका भित्र संचालित फार्मेसी/औषधी पसलहरुको सुचिकृत तथा नियमन गरिनेछ।

१६. पारिवारिक तनाव वा सामाजिक विकृतिको कारण डिप्रेसनको समस्या भोगिरहेका विरामीहरुलाई स्वस्थ्यकर्मीबाट परामर्श सेवा प्रदान गरिनेछ।

१७. आफ्नो स्वास्थ्य माथि हेलचेक्राइ गरी होम डेलिभरी हुने/गराउने व्यक्ति तथा परिवारलाई पालिकाबाट दिइने सेवा सुविधामा रोक लगाइने छ।

१८. टोलटोलमा प्राथमिक उपचार सम्बन्धी जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१९. आर्थिक अभावमा स्वास्थ्य विमा गर्न नसक्ने विपन्न परिवारलाई १० दिनको रोजगारी सुनिश्चित गरिनेछ।

**घ) खानेपानी तथा सरसफाई:**

१. खानेपानीको जटिलतम समस्याको तत्कालिन, अल्पकालिन र दिर्घकालिन समाधानका लागि सम्भाव्य स्रोतहरूको खोजी तथा योजना तयार गरी खानेपानीको वितरणको ब्यवस्था मिलाईनेछ।

२. जलाधार संरक्षण कार्यक्रम संचालन गरी गाउँपालिका भित्र रहेका भूमिगत पानीका मूलहरू, जलाधार र सिमसार क्षेत्रहरुको संरक्षण एवं प्रवर्द्धधन गर्दै ती श्रोतहरुबाट खानेपानी आपूर्तिको प्रबन्ध मिलाईनेछ।

३. पनाहा खोला, छल्दी खोला लगायत अन्य स्रोतबाट खानेपानीलाई आपूर्ति गर्ने व्यवस्थाको लागि प्राविधिक सम्भाव्यता अध्ययन गरी संघ सरकार र प्रदेश सरकारको सहकार्यमा निर्माण कार्य अघि बढाउनको लागि बजेट व्यवस्थापनको पहल गरिनेछ।

४. धुर्कोट गाउँपालिकाको गौरबको आयोजनाको रुपमा रहेको एक घर एक धारा कार्यक्रम अन्तर्गत कुल ५३८२ घरधुरी मध्ये ३९२८ (७२.९८%) घरधुरीमा एक घर एक धारा जडान भैसकेको छ। वडा नं. १ र वडा नं. ४ लाई यसै वर्ष एक घर एक धारायुक्त वडा घोषणा गरिनेछ। आगामी दिनमा अन्य वडाहरुलाई समेत क्रमश एक घर एक धारायुक्त वडा घोषणा गरी अन्त्यमा सिङ्गो गाउँपालिकालाई नै एक घर एक धारायुक्त गाउँपालिका घोषणा गरिनेछ।

५. स्वच्छ खानेपानी तथा सरसफाई अभियानका लागि ग्रामीण खानेपानी, सरसफाई तथा स्वच्छता कार्यक्रमलाई निरन्तरता दिइनेछ।

६. गाउँपालिकाको खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी योजना (WASH Plan) अनुसार

गाउँपालिकाको खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी कार्यक्रमहरु अगाडी बढाइनेछ।

७. लिफ्टिङ्ग खानेपानी आयोजनाहरुको न्यायोचित महशुल निर्धारण गरिनेछ।

८. पानीका मुहान संरक्षण गरी त्यसको दिगो उपयोग तर्फ कार्यक्रमहरु सञ्चालन गरिनेछ।

९. सडक किनारा र सार्वजनिक स्थानहरुलाई हरियाली र सुन्दर तथा सफा राख्ने कार्य गरिनेछ।

१०. बजार व्यवस्थापन समिति र टोल विकास महिला मञ्च जस्ता सामाजिक संघ संस्थाहरुसँग फोहोर संकलन तथा व्यवस्थापन कार्यमा सहकार्यको नीति लिइनेछ।

११. जथाभावी फोहोर फाल्ने र फोहोर गर्ने व्यक्तिलाई जरिवाना तथा अन्य दण्ड सजाय गर्ने नीति लिइनेछ।

१२. गाउँपालिकाका सम्पूर्ण वडाहरुमा पूर्ण सरसफाई अभियान सञ्चालन गरि पूर्ण सरसफाई युक्त टोल, वडा र क्रमश पूर्ण सरसफाईयुक्त गाउँपालिका घोषणा गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१३. सबै वडा तथा वजार क्षेत्रहरुमा सरसफाई सम्बन्धी जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१४. गाउँपालिकाको केन्द्र रहेको बर्बोट क्षेत्रमा पर्याप्त खानेपानीको उपलब्धताको लागि सम्भावित स्रोतको खोजी गरिनेछ।

१५. गाउँपालिका भित्र सञ्चालित सम्पूर्ण खानेपानी योजनाको मुहान दर्ता अनिवार्य गरिनेछ।

**ङ) लैङ्गिक समानता र सामाजिक समावेशीकरणः**

१. लैङ्गिक विभेद अन्त्य गर्दै लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ।

२. एकल महिला, अपांगता भएका व्यक्ति, दलित,यौनिक अल्पसंख्यक, जेष्ठ नागरिक तथा महिला प्रतिको सामाजिक सोच र व्यवहार परिवर्तन गरी उनीहरुलाई समाजमा सम्मानपूर्वक जिउने अवस्थाको सृजना गर्न लक्षित वर्गमैत्री कार्यक्रमहरु सञ्चालन गरिनेछ।

३. ऐतिहासिक कालदेखि दलित तथा शील्पी समुदायले, जीवन निर्वाहको रुपमा अपनाइ आएका परम्परागत पेशालाई व्यवसायिक उद्यमको रुपमा विकास गर्न पुँजि लगानीमा सहयोग गरिनेछ।

४. ज्येष्ठ नागरिक परिचयपत्र वडास्तरबाट नै उपलब्ध गराउने व्यवस्था मिलाईनेछ।

५. "हिंसा मुक्त गाउँपालिका हाम्रो चाहाना" अभियान संचालन गरी सबै प्रकारका हिंसा विरुद्ध शुन्य सहनशीलता नीति लिइनेछ। पारिवारिक हिंसाद्धारा पिडितको संरक्षणका कार्यक्रम संचालन गरिनेछ।

६. वस्ती स्तरमा गठन भएका टोल संरक्षण महिला मञ्चलाई सामाजिक विकृति, विसङ्गति, जातिय रुपमा हुने छुवाछुत अन्त्य गर्नका लागि प्रभावकारी ढङ्गले परिचालन गरिनेछ साथै विभिन्न तालिमहरुको व्यवस्था गरिनेछ।

७. स्थानीय स्तरमा महिलाको आर्थिक, सामाजिक, राजनीतिक सशक्तिकरण तथा क्षमता विकास सम्बन्धी विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ।

८. गाउँपालिकाको बजेट तथा कार्यक्रममा लैङ्गिक परीक्षण गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ।

९. महिला उद्यमशीलता विकासका लागि महिलाद्धारा प्रवर्द्धित व्यवसायमा निश्चित प्रतिशत कर

छुटको व्यवस्था गरिनेछ।

१०. गर्भवती महिलाहरुको लागि आमा सुरक्षा कार्यक्रम र नवजात शिशुको लागि पोषण कार्यक्रम संचालन गरिनेछ।

११. लक्षित वर्गका विद्यार्थीलाई केन्द्रित गरी लोक सेवा आयोग, शिक्षक सेवा आयोगका कक्षाहरु सञ्चालन गरिनेछ।

१२. महिला सहकारीहरुको नेतृत्व क्षमता विकास गर्ने कार्यक्रम सञ्चालन गरी महिला आर्थिक शसक्तिकरणमा योगदानपुऱ्याइनेछ।

१३. लक्षित वर्गका व्यक्तिहरुलाई कानुनी तथा नीतिगत व्यवस्था र अधिकारका विषयमा तालिम सञ्चालन गरिनेछ।

१४. गाउँपालिकालाई जातिय भेदभाव मुक्त वनाउन जागरण अभियान सञ्चालन गरिनेछ।

१५. "उपाध्यक्ष संग किशोर किशोरी कार्यक्रम" सञ्चालन गरी स्थानीय स्तरमा वाल न्याय सुनिश्चितता गर्न नियमन र प्रबर्द्धनका कार्यक्रमहरु सञ्चालन गरिनेछ। साथै किशोर किशोरीहरुको प्रजन स्वास्थ्य तथा बालविवाह अन्त्यका लागि विशेष कदम चालिनेछ।

१६. विद्यालय भित्र र बाहिर बाल प्रतिभा प्रस्फुटन गराउने खालका कार्यक्रमहरु सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

१७. हरेक वडामा एउटा बाल उद्यान निर्माण अभियान संचालन गरिनेछ।

१८. कार्यस्थल तथा सार्वजनिक स्थलहरुमा अपांगता भएका व्यक्तिमाथि हुने भेदभाव एवम् दुर्व्यवहारको अन्त्य गरिनेछ।

१९. मानसिक वा मनोसामाजिक अपांगता भएका व्यक्तिलाई कानुनी/विमर्श, कानुनी सेवा, स्वास्थ्य सेवा निशुल्क उपलब्ध गराईनुका साथै परिवार र समुदायमा पुनर्मिलन गराइनेछ।

२०. विपदका अवस्थामा अपांगता भएका व्यक्तिहरुलाई अपांगताको गम्भीरताको आधारमा उद्धार, राहत पुनर्लाभ तथा पुनस्थापनामा विशेष प्राथमिकता दिइनेछ।

२१. आगामी आर्थिक बर्ष भित्रै गरीब घर परिवार पहिचान परिचयपत्र वितरण गरिनेछ। गाउँपालिकाबाट वितरण गरिने अनुदान तथा सहयोगका कार्यक्रमहरु मुलत यसैको आधारमा सञ्चालन गरिनेछ।

२२. विपन्न आर्थिक सहायता कार्यक्रमलाई निरन्तरता दिइनेछ। खाद्यान्न सामाग्री नपुगेको अति विपन्न गरिवारलाई खाद्यान्नको व्यवस्था गरिनेछ।

२३. सामाजिक विसंगति फैलाउने गरी गरिने मदिरा सेवन तथा जुवा तासलाई नियन्त्रण गर्ने नीति लिइनेछ।

**च) संस्कृति प्रबर्द्धनः**

१. सांस्कृतिक सम्पदाहरुको संरक्षण एवं व्यवस्थापन कार्यसँग सम्बन्धित निकायहरुको संरचनागत सुधारको साथै आवश्यकता अनुसार थप संरचनाहरुको व्यवस्था गरिनेछ।

२. दर्शैं, तिहार, तीज, शिवरात्री लगायतका स्थानीय रुपमा मनाइने चाडपर्व तथा सराय नाच, भैलो

नाच, तिज गित लगायतका साँस्कृतिक परम्परालाई संरक्षण र प्रबर्द्धधन गर्ने नीति लिइनेछ।

३. विभिन्न जाति र समुदायका परम्परागत भौतिक लोककला एवं शिल्पकलाको संरक्षण र अध्ययन गरी त्यस्ता कलाहरु उत्पादन गर्ने परम्परागत सिप र प्रविधिहरुको अभिलेखिकरण गरिनेछ।

४. विभिन्न जाति तथा भाषाभाषिकाका लोकगीत, लोककथा, गाउँखाने कथा, उखानटुक्का, परम्परागत भजन लगायतका लोक साहित्यका विभिन्न विधाहरुको सर्वेक्षण, संकलन र अध्ययन गरिनेछ।

५. धुर्कोट कोटमा निर्माणाधिन संग्राहालयमा गाउँपालिकाको पहिचान झल्किने ऐतिहासिक महत्वका वस्तुहरु प्रदर्शन गरिनेछ।

६. गाउँपालिकाका विभिन्न भागमा रहेका ऐतिहासिक, सांस्कृतिक, पर्यटकीय लगायतका विभिन्न तिर्थस्थलहरुको परिचयात्मक विवरण तयार गरिनेछ।

## ३. पूर्वाधार विकासः

**"दीगो विकासको सार, गुणस्तरीय भौतिक पूर्वाधार"**

१. पूर्वाधार निर्माणका आयोजनाहरु संचालन गर्दा लागत लाभ-विश्लेषणका आधारमा उच्च नतिजा एवं प्रतिफल दिने, पिछडिएका र कम विकसित, समतामुलक विकासको आधारको रुपमा रहन सहयोग गर्ने आयोजनाहरु पहिचान गरी आयोजना बैंक तयार गरिनेछ। सो बैंकमा समाविष्ट आयोजनाहरुमा मात्र बजेट विनियोजन गर्ने नीति लिइनेछ।

२. स्थानीय आवश्यकता भौगोलिक अवस्था र क्षेत्र समष्टिगत आर्थिक विकासमा पुग्न सक्ने योगदान र जनचाहाना तथा उपलब्ध जनसहभागिताको स्तरको आधारमा सेवा स्तर किटान गरी पूर्वाधार विकास कार्यक्रम सञ्चालन गरिनेछ।

३. गुणस्तरीय पूर्वाधार निर्माण गरी त्यसको दिगो पनालाई ध्यान दिइनेछ।

### क) सडक तथा पुल :

१. हाल भईरहेका सडकहरुको स्तरोन्नति गरिनेछ नयाँ ट्र्याक खोल्ने कार्यलाई अत्यावश्यक बाहेक प्रोत्साहन गरिने छैन।

२. यातायात गुरुयोजना अनुसार सडकको स्तरोन्नति र प्राथमिकरण गरिनेछ साथै हाल संचालनमा रहेका सम्पूर्ण सडकहरुको मापदण्ड निर्धारण गरिनेछ।

३. गाउँपालिकाको रणनैतिक सडकहरुलाई प्राथमिकताका आधारमा क्रमश ग्राभेल र पिच गर्दै लगिनेछ।

४. कृषकहरुबाट उत्पादित उपजलाई उत्पादन स्थलबाट वजार विन्दु सम्म र उत्पादनका साधनहरुलाई वजार देखि उत्पादन गर्ने ठाउँ सम्मको पहुँचमा सहज र सरलता कायम गर्ने खालका सडक पूर्वाधार निर्माणलाई प्राथमिकता दिइनेछ।

५. गाउँपालिका देखि वडा जोड्ने र वडा देखि टोल,टोल जोड्ने सडकहरुलाई सर्वयाम (बाह्रै

महिना) सञ्चालन हुनेगरी सडक सुधार कार्यक्रम लागु गरिनेछ।

६. गाउँपालिका भित्रका मुख्य मुख्य सडकहरुमा घुम्ती सुधार तथा आवश्यकता अनुसार ठाउँ ठाउँमा ढलान गर्ने नीति कार्यान्यिन गरिनेछ।

७. गाउँपालिका भित्रका सबै सडकहरुमा पानी बग्ने नालीको अनिवार्य व्यवस्थापन गरिनेछ।

८. स्थानीय आवश्यकता अनुसार गोरेटो, घोडेटो बाटो निर्माण तथा पुननिर्माण सम्बन्धी कार्य गरिनेछ।

९. दैनिक रुपमा सवारी चल्ने सडकहरुमा सडक मजदुरको व्यवस्था गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

१०. बुढीकोट पर्यटकिय पदमार्गको निर्माण कार्यको लागि आवश्यक बजेटको व्यवस्थापन गरिनेछ। अन्य पर्यटकिय पदमार्गहरुको निर्माण तथा स्तरउन्नति गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

११. सडक निर्माणमा स्थानीय साधन, स्रोत, सीप प्रयोग भइ महिला, दलित, उत्पिडित, आदिवासीहरुलाई प्रत्यक्ष फाइदा पुग्ने र उनीहरुले रोजगार पाउने सडकहरुलाई प्राथमिकता दिइनेछ।

१२. गाउँपालिका भित्र आवश्यकता अनुसार पक्की पुल तथा झोलुङ्गे पुलको निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

**ख) सिँचाईः**

१. मौसमी बर्षाको पुरकको रुपमा विकसित सिँचाई प्रणालीलाई बर्षै भरी सिँचाई सुविधा पुर्याउन जलासय निर्माण, पोखरी संरक्षण, बर्षाको पानी संचय गर्ने पद्धतीको अवलम्बन र सिँचाई कुलोहरुको मर्मत, सम्भार तथा संरक्षण गरिनेछ।

२. सिँचाई आयोजनाको निर्माण तथा स्थानीय साना सिँचाई प्रणालीको विकास तथा व्यवस्थापनमा उपभोक्ता संस्थाको प्रभावकारी संलग्नता बढाउन जोड दिइनेछ।

३. छल्दी खोला, पनाहा खोला, ओवान खोला, चिलि खोला, अरौदी खोला, खुर्पा खोलाहरुको आसपास लगायत अन्य क्षेत्रमा रहेको खेती योग्य जमिनमा सिँचाई आयोजना निर्माणका लागि ठूला आयोजना संघीय सरकार, मझौला आयोजना प्रदेश सरकार र साना आयोजना गाउँपालिकाको तर्फबाट निर्माण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

४. “कृषि भूमिमा पानी सिँचाईमा लगानी” भन्ने नारालाई कार्यान्वियन गर्न सिँचाई क्षेत्रमा आवश्यकता अनुसार बजेटको व्यवस्था गरिनेछ।

५. गाउँपालिकाले सिँचाई सुविधा प्राप्त क्षेत्रलाई सिँचित क्षेत्र घोषणा गर्नेछ। घोषित सिँचित क्षेत्रभित्रको जग्गा गैर कृषि प्रयोजनका लागि उपयोग गर्नु पूर्व आवश्यकता अनुसार गाउँपालिकाको अनुमति अनिवार्य रुपमा लिनुपर्ने व्यवस्था गरिनेछ।

६. किसानको आवश्यकता अनुसार थप साना सिँचाई सम्बन्धी आयोजनाहरु निर्माण गरिनेछ।

**ग) भवन तथा सहरी विकास :**

१. विगत देखिका निर्माणाधिन गाउँपालिकाको प्रशासकीय भवन, धुर्कोट आधारभुत अस्पताल निर्माण, वडा कार्यालयको निर्माण सम्पन्न गर्न क्रमागत रुपमा बजेट विनियोजन गरिनेछ।

२. वडा कार्यालयको सेवा प्रवाहलाई व्यवस्थित र सुविधा सम्पन्न वनाउनको लागि वडानं. ३ र वडा

नं. ७ मा नयाँ वडा कार्यालय भवन निर्माण तथा अन्य वडा कार्यालयहरुको तल्ला थप गरिनेछ।

३. गाउँपालिकाक्षेत्र भित्र बन्ने संस्थागत, सार्वजनिक तथा व्यापारिक भवनहरुमा पार्किङ्ग स्थलको व्यवस्था अनिवार्य गर्नु पर्ने नीति लिइनेछ। आवासीय भवनमा फलफुलका विरुवाहरु रोपण नीतिलाई अवलम्वन गरिनेछ।

४. दक्ष कालिगढ निर्माणको लागि स्थानीय डकर्मी र सिकर्मीहरुलाई तालिम दिइनेछ।

५. नागरिकको सुरक्षित आवासको अधिकारलाई सम्बोधन गर्नेगरी कार्यक्रम सञ्चालन गरिनेछ।

६. वडा भित्र हुने विभिन्न कार्यक्रमहरु सञ्चालन गर्न क्रमश सबै वडाहरुमा सभाहल निर्माण गरिनेछ।

**घ) उर्जा:**

१. विद्युत लाईन र पोल जिर्ण भएका स्थानमा जिर्ण पोल र तार मर्मतका लागि सम्बन्धित निकायमा पहल गरिनेछ।

२. खुल्ला तार प्रणालीलाई केवल प्रणालीमा रुपान्तरणको लागि सम्बन्धित निकाय संग पैरवी र साझेदारी गरिनेछ।

३. सरकारी कार्यालय, स्वास्थ्य संस्था र शैक्षिक संस्थाहरुमा आवश्कयता अनुसार पावर व्याकअपको व्यवस्था गर्ने तर्फ कार्यक्रमहरु लक्षित गरिनेछ।

४. बैकल्पिक ऊर्जा सम्बन्धी काम गर्ने सरकारी तथा गैर सरकारी संस्थाको साझेदारीमा विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ।

**ङ) संचार:**

१. गाउँपालिका भित्र संचालित सामुदायिक रेडियोको संरक्षण तथा सहयोगगर्ने नीतिलाई निरन्तरता दिइनेछ।

२. गाउँपालिका भित्र टेलिफोन संचारलाई गुणस्तरीय बनाउन टावरको क्षमता बृद्धि तथा विस्तार मार्फत मोबाइल नेटवर्क प्रणालीलाई चुस्त बनाउन सम्बन्धित निकायमा पहल गरिनेछ।

३. गाउँपालिकाका नीति, कार्यक्रम, सूचना, सन्देश जस्ता विषयलाई स्थानीय रेडियोको माध्यमबाट नागरिकको घरघरमा पुर्याइनेछ।

४. नयाँ नयाँ सूचना प्रविधिको अवलम्वन गर्ने नीति अङ्गीकार गरिनेछ।

५. नागरिकहरुको सूचनाको हकको सम्मान गर्दै गाउँपालिकालाई सूचनामैत्री गाउँपालिका बनाइनेछ।

६. धुर्कोट गाउँपालिकालाई कार्यक्षेत्र बनाई पत्रकारितामा संलग्न भई पत्रकार महासंघको सदस्यता लिएका तथा अन्य पेशामा नजोडिएका पत्रकारहरुका लागि जटिल प्रकृतिका रोग लागेमा उपचार खर्चमा दिइने आवश्यक सहयोगलाई निरन्तरता दिईनेछ।

७. सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, संचार र पत्रकारिता संग सम्बन्धित विषयमा पत्रकार महासंघसंग साझेदारीमा विभिन्न कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ।

**४. वन वातावरण तथा विपद् व्यवस्थापन :**

**क) वन :**

१. सामुदायिक वनहरुको सञ्जाल बनाई सामुदायिक बनबाट हुने आम्दानीलाई आय आर्जन तथा गरिबी निवारणको क्षेत्रमा लगानी गर्न प्रेरित गरिनेछ।

२. वन तथा जैविक विविधता सम्बन्धी राष्ट्रिय तथा प्रदेश नीति वारे स्थानीय स्तरमा सचेतना बृद्धि गरी कार्यान्वयनमा सहजीकरण गरिनेछ।

३. सामुदायिक वन तथा निजी जग्गामा टिमुर, सुनकाउली, चिउरी, ओखर, बाँस, निघालो, अम्रिसो, अलैची, कुरिलो, बोझो तथा अन्य जडिबुटीजन्य प्रजातिको खेती प्रबर्द्धन गरिनेछ।

४. वन तथा जडिबुटीमा आधारित आय मुलक कार्यक्रम सञ्चालन गर्न महिला, युवा तथा लक्षित वर्गलाई पोत्साहन अनुदान मार्फत आकर्षित गरिनेछ तथा राम्रो प्रतिफल प्रदर्शन गर्नेलाई पुरस्कृत गर्ने व्यवस्था मिलाइने छ।

५. सार्वजनिक खाली, नांगा पाखा तथा बाँझो जग्गामा काष्ठ तथा गैर काष्ठ प्रजातिका आयमुलक वोट विरुवाको रोपण विस्तार गरिनेछ।

६. व्यक्तिका निजी घर, गोठ, सरकारी वा सार्वजनिक भवनलाई असर गर्नेतथा खेतियोग्य जमिनको उत्पादकत्व ह्रास हुने गरी हुर्केका/हुर्काइएका जोखिमपूर्ण रुखहरुलाई स्वामित्ववाला व्यक्तिले नै काटछाट गर्ने व्यवस्था मिलाईनेछ।

७. समुदाय परिचालन गरि वन्यजन्तु नियन्त्रणमा उचित ध्यान दिइनेछ।

८. जैविक तथा बायो इन्जिनियरिङ्ग विधिबाट भूक्षय नियन्त्रणका विविध कार्यक्रमहरु सञ्चालन गरिनेछ।

**ख)वातावरणः**

१. जलवायु परिवर्तनको प्रतिकूल प्रभावहरूलाई अनुकूलन गर्न गाउँपालिकाको क्षमता वढाउने साथै खाद्य उत्पादनलाई प्रतिकूल असर नपर्ने किसिमले जलवायु उत्थानशीलता वृद्धि गर्ने। न्यून हरित ग्यास उत्सर्जनलाई विकास गर्न प्रेरित गर्ने र सो सम्बन्धी अनुभव आदान प्रदान गरी गाउँपालिकाको क्षमता अभिवृद्धि गरिनेछ।

२. पूर्वाधार आयोजनाहरुको कार्यान्वयन गर्दा त्यस्ता आयोजनाहरुले वातावरणमा पार्ने असर न्यूनिकरणको लागि आवश्यकता अनुसार प्रारम्भिक वातावरणीय परीक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन गरिनेछ।

३. सार्वजनिक स्थलमा वर, पिपल र स्वामीका विरुवाहरु रोपण गरी वातावरण संरक्षण कार्यलाई निरन्तरता दिइनेछ।

४. पोखरी संरक्षण, पहिरो तथा गल्छी नियन्त्रण, विकासका पूर्वाधारको संरक्षण र नदी नियन्त्रण गरी जल, जमिन तथा जलाधारको संरक्षण तथा उत्पादनमा वृद्धि गरिनेछ।

५. ढुंगा गिट्टी बालुवा जस्ता नदीजन्य पदार्थ र अन्य प्राकृतिक श्रोतहरुको अनाधिकृत एवं अवैज्ञानिक दोहनलाई नियन्त्रण गरिनेछ। वालुवा प्रशोधनका लागि नियमानुसार उद्योग सञ्चालनमा ल्याइनेछ।

**ग) विपद व्यवस्थापनः**

१. विपद जोखिम न्यूनीकरण र ब्यवस्थापन तथा जलवायु उत्थानशील योजना तर्जुमा गरी सो अनुसार विपद पुर्व तयारी, विपद न्यूनीकरण, प्रतिकार्य र पुनस्थापनाको कार्यलाई ब्यवस्थित र प्रभावकारी वनाइनेछ।

२. भुकम्पीय जोखिम न्यूनिकरणको लागि भुकम्प प्रतिरोधी भवन तथा संरचना निर्माण कार्यलाई प्राथमिकता दिइनेछ।
३. वडा तथा टोल स्तरमा विपद् व्यवस्थापन समिति तथा कार्यदल गठन गरी तालिम लगायत क्षमता अभिबृद्धिका कार्यक्रमहरु सञ्चालन गरिनेछ।
४. स्थानीय विपद् व्यवस्थापन संयन्त्रहरुलाई स्थानीय सामाजिक संरचना अनुरुप लैंगिक तथा जातीय दृष्टिकोणले समावेशी बनाइनेछ।
५. वडा कार्यालय, प्रमुख टोलहरु तथा प्रहरी चौकीमा आपतकालीन उद्धार सामग्रीहरु भण्डारण तथा नियमित अध्यावधिक गरिनेछ।
६. वायो इन्जिनियरिङ्ग प्रविधि प्रवर्द्धधन गरी नदी, गल्छी, खहरे तथा पहिरो नियन्त्रणलाई दिगो बनाइनेछ।
७. गाउँपालिकाको विपद् व्यवस्थापन कोषमा रकम अभाव हुन दिइने छैन। साथै उक्त कोषमा नगद र जिन्सी जम्मा गर्न चाहानु हुने व्यक्ति तथा संघ संस्थाहरुलाई प्रोत्साहन गरिनेछ।
८. विपदबाट हुने जोखिमलाई न्यूनिकरण गर्न घर विमा तथा विपदबाट भएको क्षतीलाई पुनर्निर्माणका लागि आवश्यक पहल गरिनेछ।

**५. सुशासन तथा संस्थागत विकास :**

१. सार्वजनिक सेवा प्रवाहमा विद्युतीय प्रविधिको अवलम्बन गरी द्रुत सेवा र प्रभावकारी अभिलेख व्यवस्थापनमा ध्यान दिइनेछ।
२. सबै वडा कार्यालय तथा विषयगत शाखा कार्यालयहरुबाट सम्पादन हुने कामहरुलाई एकीकृत रुपमा गाउँपालिकाबाट एउटै सर्भरबाट नियन्त्रण र अनुगमन हुने व्यवस्था गरिनेछ।
३. स्वमुल्यांकनको कार्यविधि वनाई वडाहरुको कार्य सम्पादन मुल्यांकनका आधारमा थप बजेटको व्यवस्था गरिनेछ। पहिलो चौमासिकमा वडा भित्रका सम्पूर्ण आयोजना सम्झौता गर्ने वडालाई रु ५. लाख र दोस्रो चौमासिकमा ७० प्रतिशत भुक्तानी लैजाने वडालाई रु. १० लाख थप बजेटको व्यवस्था गरिनेछ।
४. बालविकास सहयोगी कर्मचारी र विद्यालय कर्मचारीहरुको क्षमता विकासका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।
५. भ्रष्टाचारजन्य क्रियाकलाप प्रति शुन्य सहनशिलताको अवधारणा मार्फत सुशासनको प्रत्याभुति प्रदान गरिनेछ।
६. वडा कार्यालयमा सूचना प्रविधिलाई प्रभावकारी बनाउनका लागि प्रविधि मार्फत गुणस्तरीय सेवा विस्तार कार्यक्रमलाई निरन्तरता दिइनेछ।
७. गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) आधारमा स्वीकृत संरचना र दरबन्दी अनुसार कर्मचारीहरुको पदपूर्ति गरिनेछ।
८. सबै शाखा र पदहरुको स्पष्ट कार्य विवरणको आधारमा कार्यसम्पादन सूचक निर्धारण गरि कर्मचारीको कार्य क्षमताको मुल्यांकन गरिनेछ।

९. गाउँपालिका र सबै वडा कार्यालयमा यसै बर्ष स्तनपान कक्षको व्यवस्था गरिनेछ।
१०. प्रशासन संयन्त्रको उत्प्रेरणाको लागि अतिरिक्त समय कामकाज गरे वापत निर्धारित मापदण्डको आधारमा मौद्रिक तथा गैर मौद्रिक प्रोत्साहन गरिनेछ।
११. गाउँपालिकाको सुरक्षालाई चुस्तदुरुस्त एवम् प्रभावकारी बनाउन गाउँपालिकाको विभिन्न ठाउँ, पर्यटकीय स्थल तथा सुरक्षा संवेदनशील क्षेत्रहरुमा सि. सि. टि. भि. क्यामेरा जडान गरिनेछ।
१२. सडक फुटपाथमा हुने अव्यवस्थित पार्किङ्ग निर्माण सामाग्री भण्डारण र फुटपाथ पसलहरुको अनाधिकृत प्रयोगलाई निरुत्साहित गर्दै उचित व्यवस्थापन र निजी क्षेत्रको सहकार्यमा उपयुक्त पार्किङ्ग स्थलहरु पहिचान गरी सञ्चालन गरिनेछ।
१३. जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको सिप तथा क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमण कार्यक्रमलाई परिणाममुखी बनाईनेछ।
१४. गाउँपालिका कार्यालयको मानव संशाधन पर्याप्त र दक्ष नभएको क्षेत्रमा सम्बन्धित सेवा प्रदायक तथा विषयका विज्ञहरुलाई सहजकर्ता वा विशेषज्ञको रुपमा प्रयोग गरी परामर्श लिने नीति अवलम्बन गरिनेछ।
१५. आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकी बक्यौता, पेश्की, बेरुजु लगत विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवम् फछ्र्यौट गर्ने कार्यलाई प्रभावकारी रुपमा अगाडी बढाईनेछ।
१६. विकास निर्माणका आयोजनाहरुको निर्माण पूर्व निर्माणाधिन अवस्थामा र निर्माण सम्पन्न पश्चात सुपरिवेक्षण, अनुगमन तथा मूल्यांकन गरिनेछ। वडा कार्यालय, स्वास्थ्य संस्था, विद्यालय तथा पालिकाभित्र संचालित अन्य सेवा प्रदायक संस्थाहरुको नियमित रुपमा अनुगमन निरिक्षण गरी सेवा प्रवाहमा थप सुधार ल्याइनेछ।
१७. आयोजना अनुगमन समिति, वडा अनुगमन समिति र गाउँपालिका अनुगमन समितिको कामलाई थप प्रभावकारी बनाइनेछ। आयोजना तथा कार्यक्रमहरुको निर्माण सम्पन्न मात्र नभई त्यसको प्रभाव मुल्यांकन समेत विश्लेषण गरिनेछ।
१८. तेस्रो पक्ष अनुगमन तथा मुल्यांकनलाई समेत अंगिकार गरिनेछ।
१९. जवाफदेहिता र पारदर्शिताको माध्यमबाट सुशासन कायम गर्न नागरिक बडापत्र, संस्थागत स्वमुल्यांकन, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, सार्वजनिक परिक्षण, सेवाग्राही सर्वेक्षण, व्यवस्थापन परिक्षण, गुनासो सुनुवाई जस्ता माध्यमको प्रभावकारी कार्यान्वयन गरिनेछ।
२०. कार्यपालिका कार्यालय र मातहतका कार्यालयलाई सूचना प्रणालीमा एक आपसमा संजालीकरण गरिनेछ।
२१. गाउँपालिका भित्र निश्चित मापदण्ड वा आवश्यकताको आधारमा गाउँ कार्यपालिका, वडा कार्यालय, स्वास्थ्य संस्था र विद्यालयमा कार्यरत कर्मचारी, शिक्षक र स्वास्थ्यकर्मीलाई भौगोलिक तथा सामाजिक विविधताको अनुभव समेत हुनेगरी सरुवा गर्ने नीति लिइनेछ।
२२. "म सुधार्छु मेरो कार्य सम्पादन" भन्ने भावलाई आत्मसाथ गरी तोकिएको न्यूनतम मापदण्ड

पुरा गर्ने विद्यालय, स्वास्थ्य वडा तथा गाउँ कार्यपालिका तर्फको उत्कृष्ट कर्मचारी, शिक्षक तथा स्वास्थ्यकर्मीलाई पुरस्कृत गरिनेछ। पदिय जिम्मेवारी पूरा नगर्ने शिक्षक, स्वास्थ्यकर्मी र कर्मचारीलाई नियम अनुसार कारवाही गरिनेछ।

२३. विभिन्न सहिदहरुको नामबाट उत्कृष्ट कार्य सम्पादन गर्ने राजनीतिज्ञ, सनमाजसेवी, कृषक, पशुपालक तथा पत्रकारलाई पुरस्कार वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

२४. बालमैत्री स्थानीय शासनमा जोड दिनुका साथै सेवा प्रवाहका क्रममा फरक क्षमता भएका व्यक्तिहरुलाई विशेष सहुलियत र ग्राह्यता दिईनेछ।

२५. गाउँसभा तथा कार्यपालिका अन्तर्गत रहेका विभिन्न समितिहरुलाई थप क्रियाशिल र जिम्मेवार बनाइनेछ।

२६. "हेलो अध्यक्ष कार्यक्रम" सञ्चालन गरी जनताको गुनासा तथा पिर मर्काको सुनुवाईको लागि गाउँपालिको कार्यालयमा कल सेन्टर स्थापना गरिनेछ। सोमार्फत जनता र अध्यक्ष वीच प्रत्यक्ष सम्बादको व्यवस्था मिलाईनेछ।

२७. धुर्कोट गाउँपालिकाको पालिका गान निर्माण गरी सार्वजनिक सभा समारोहमा त्यसको प्रयोग गरिनेछ।

## ६. राजश्व तथा आन्तरिक स्रोत परिचालनः

१. आन्तरिक आय व्यवस्थापन, प्राकृतिक स्रोत बिक्री सम्बन्धी  कानुन तर्जुमा गरी राजस्व परिचालनलाई थप व्यवस्थित तुल्याइनेछ।

२. आन्तरिक आयका स्रोतहरूको सम्भाब्यता अध्ययन, राजश्व बाँडफाँड, अन्तर सरकारी वित्तीय हस्तान्तरण, तथा गैर सरकारी संस्थाको स्रोत परिचालनको लागि स्थानीय सरोकारवाला, प्रदेश सरकार, र नेपाल सरकारका निकाय तथा गैर सरकारी संस्था र विकास साझेदार संग परामर्श, समन्वय, र साझेदारी गरिनेछ।

३. करदाताहरुलाई आफुले तिर्नु पर्ने मोटामोटी कर दायित्व र कर तिर्ने समयसीमा समयमै जानकारी दिन निजहरुको सेल नम्बरमा विद्युतिय प्रणालीद्वारा सन्देश प्रवाहित गर्ने र अनलाईन बाटै कर तिर्न सक्ने प्रणाली लागु गरिनेछ।

४. गाउँपालिका अन्तर्गत करदाताहरुलाई प्रोत्साहन गर्ने वातावरण बनाई सबै भन्दा बढी कर तिर्ने कर दातालाई सम्मान गर्ने नीति लिइनेछ। समयमा कर नतिर्नेलाई थप जरिवाना गर्दै लामो समयसम्म कर नतिरी अटेर गर्नेलाई गाउँपालिकाले दिने सबै सेवा सुविधावाट वञ्चित गरिनेछ ।

५. सबै किसिमका पेशा व्यवसायको सञ्चालनको दर्ता, नवीकरण, इजाजत र अनुमति दिने कार्यलाई छिटो, छरितो, सरल ,पारदर्शि र करदातामैत्री बनाइनेछ।

६. "पालिका निर्माणको लागि तिरौं कर-विकास मार्फत फर्किन्छ घर घर" भन्ने मान्यताका साथ करदाता शिक्षा कार्यक्रम तथा घुम्ती कर संकलन सप्ताह अभियानका रुपमा सञ्चालन गरिनेछ।

## ७. न्याय सम्पादन :

१. न्याय सम्पादनमा "विवादको साटो, मेलमिलापको पाटो" भन्ने नीति अंगिकार गरिनेछ।
२. न्यायिक समितिका सदस्य तथा मेलमिलाप कर्ताहरुको क्षमता अभिबृद्धि कार्यक्रम सञ्चालन गरिनेछ।
३. "ढिलो न्याय अन्याय" सरह हुन सक्ने भएकोले न्यायिक समित मार्फत निरुपण हुने मुद्धाहरुलाई सिघ्र फैसलाको नीति लिइनेछ। मेलमिलापको माध्यमबाट निरुपण गर्ने विवादको सम्बन्धमा यथासम्भव स्थानीय स्तरमै मेलमिलाप गराउन पहल गरिनेछ।
४. पछाडी परेका वर्ग समुदायको लागि कानुनी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।
५. न्यायिक समिति मार्फत निरुपण भएका विवादहरुको कार्यान्वयनको लागि आवश्यकता अनुसार नगर प्रहरीको परिचालन तथा अन्य सुरक्षा निकायको सहयोग लिइनेछ।
६. विवादको गाम्भीर्यता तथा आवश्यकताको आधारमा न्याय संग सम्बन्धित संस्था वा व्यक्तिबाट कानुनी परामर्श सेवा प्राप्त गरिनेछ। मेलमिलाप सम्बन्धी थप कानूनी आधार तयार गरी न्याय सम्पादनलाई प्रभावकारी बनाइनेछ।

अन्त्यमा गाउँसभामा उपस्थित सदस्यहरु, सम्पूर्ण अतिथिहरु, आम जनसमुदाय, राजनैतिक दल, कर्मचारी तथा सुरक्षाकर्मी साथीहरु, पत्रकार लगायत सबैमा समृद्ध धुर्कोट निर्माणका लागि यो नीति तथा कार्यक्रम कार्यान्वयनमा सहयोग र समन्वयको अपेक्षा सहित धन्यवाद व्यक्त गर्दछु।

**धन्यवाद !**
**नमस्कार ।**

**भुपाल पोखरेल**
**अध्यक्ष**
**धुर्कोट गाउँपालिका, बर्बोट, गुल्मी**
**लुम्बिनी प्रदेश, नेपाल**

# आर्थिक वर्ष २०८०/०८१ को बजेट बक्तव्य

**गाउँसभाका सभाध्यक्ष महोदय,**

**तथा सम्पूर्ण सदस्य ज्यूहरु,**

यस गरिमामय सभाको बैठकमा धुर्कोट गाउँपालिकाको आर्थिक बर्ष २०८०/०८१ को बजेट प्रस्तुत गर्न उपस्थित भएको छु। यस अवसरमा नेपालको प्रजातान्त्रिक आन्दोलन, राजनीतिक अग्रगमन र लोकतन्त्रको सुदृढीकरणको क्रममा भएका ऐतिहासिक जनआन्दोल तथा जनयुद्धमा आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। वेपत्ता तथा घाइते परिवार प्रति सम्मान व्यक्त गर्दै राष्ट्रियता, लोकतन्त्र, गणतन्त्र र जनजीविकाको आन्दोलनमा नेतृत्व गर्नुहुने सम्पूर्ण अग्रजहरु प्रति उच्च सम्मान प्रकट गर्दै उहाँहरुले राष्ट्र निर्माणमा पुऱ्याउनु भएको योगदान प्रति नतमस्तक छु।

अर्थतन्त्रमा देखिएका समस्या तथा चुनौतीहरुलाई सम्बोधन गर्दै स्थानीय अर्थतन्त्रलाई गतिशिल वनाउने, स्थानीय व्यवसायीहरुको मनोवल उच्च पार्ने, उच्च, दिगो एवम् फराकिलो आर्थिक बृद्धि हासिल गर्ने, रोजगारी तथा स्वरोजगारीका अवसर सृजना गर्ने, पछाडि परेका वर्ग र समुदायलाई आर्थिक लाभको पहुँचमा पुऱ्याउदै क्रमश आर्थिक रुपमा आत्मनिर्भर गाउँपालिका वनाउने तर्फ बजेट तथा कार्यक्रम लक्षित गरेको छु।

आगामी बजेट कृषि क्षेत्रको रुपान्तरणकारी परिवर्तन गर्दै कृषकको आय-आर्जनमा बृद्धि गर्ने, शिक्षाको गुणस्तर सुधार गर्ने तथा स्वास्थ्य क्षेत्रमा सेवाको विस्तार तथा स्तरउन्नती गर्दै गाउँपालिकावासी नागरिकलाई चिकित्सकीय सेवा समेत उपलब्ध गराउने, ग्रामिण पर्यटनको माध्यमबाट गाउँपालिकाको पहिचान देश विदेशमा फैलाउने तथा आय आर्जन गर्ने, उद्यमशिलता विकास गरी गरिबी न्यूनिकरण गर्ने, सार्वजनिक सम्पत्तिको संरक्षण गर्ने तथा स्रोत साधनको प्रभावकारी परिचालन गर्दै सार्वजनिक सेवाका नविनतम अवधारणाहरुलाई अंगीकार गरी गुणस्तरीय सेवा प्रवाह गर्ने तर्फ उन्मुख रहेको छ।

बजेट तर्जुमा गर्दा नेपालको संविधान, धुर्कोट गाउँपालिकाको आर्थिक बर्ष २०८०/०८१ को बार्षिक निति तथा कार्यक्रम, स्थानीय सरकार सञ्चालन ऐन २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४, संघीय र प्रदेश सरकारले जारी गरेका नीति, कानून तथा मापदण्डहरु, स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका २०७४, नेपाल सरकार, लुम्बिनी प्रदेश सरकार र धुर्कोट गाउँपालिकाको आवधिक विकास योजना, धुर्कोट गाउँपालिकाको मध्यमकालीन खर्च संरचना, विकासका अन्तरसम्बन्धित बिषयहरु, नेपाल सरकारले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिबद्धताबाट सिर्जित दायित्वहरु, संघ र प्रदेश सरकारले अबलम्बन गरेका अन्य आर्थिक नीतिहरुलाई मार्गदर्शनको रुपमा लिएको छु। त्यसैगरी बजेट निर्माणको क्रममा राजनीतिक दल, पूर्व जनप्रतिनिधि, संघ संस्था, विद्वत वर्ग, पेशाविद, उद्योग व्यवसायी, कृषक, महिला सञ्जाल, बाल क्लव, युवा क्लव, शैक्षिक व्यक्तित्वहरु, पछाडी परेका बर्ग र समुदायलाई प्रतिनिधित्व गर्ने संयन्त्र, फरक क्षमता भएका व्यक्तित्वहरु, सञ्चारकर्मी, नागरिक समाज, नेपालका विभिन्न शहर तथा बिदेशमा रहनुभएका गाउँपालिकाबासी तथा गाउँपालिका प्रेमी आमा, बुवा, दाजुभाई तथा दिदीबहिनीहरु लगायत सबैबाट प्राप्त सुझाबलाई समेत आधार वनाएको छु।

आगामी बर्षको बजेट तर्जुमा गर्दा नागरिकको अपेक्षालाई सम्बोधन गर्दै स्थानीय अर्थतन्त्रमा देखिएका समस्याहरु हटाई नागरिकहरुमा आशा र भरोसाको संचार गर्ने जिम्मेवारी बोध गरेको छु।यसको लागि सम्पूर्ण जनप्रतिनिधिहरु, कर्मचारी संयन्त्र, राजनीतिक दल, नीजि क्षेत्र, नागरिक समाज, विकास साझेदार सामाजिक संस्थाहरु, विदेशमा रहनुभएका दाजुभाई दिदिबहिनिहरु, शैक्षिक व्यक्तित्वहरु, संचार जगत र आम नागरिकको साथ, समर्थन, सहभागिता र ऐक्यबद्धताबाट विद्धमान चुनौतीको सामना गर्दै बजेटले लिएको लक्ष्य हासिल गर्न सकिने विश्वास लिएको छु।

**सभाध्यक्ष महोदय,**

अव म गाउँपालिकाको विद्यमान आर्थिक अवस्था र चालु आर्थिक बर्ष २०७९/०८० को बजेट कार्यान्वयनको समिक्षा संक्षेपमा प्रस्तुत गर्न चाहान्छु।

चालु आर्थिक बर्षको जेष्ठ मसान्त सम्म कुल बजेटको ६७.९३ प्रतिशत रकम खर्च भएको छ। जसमध्ये चालु तर्फ ७१.९५ प्रतिशत र पुँजिगत तर्फ ६३.९१ प्रतिशत रहेको छ। यसैगरी आर्थिक विकास तर्फ ५१.०३ प्रतिशत, सामाजिक विकास तर्फ ६८.३१ प्रतिशत, पूर्वाधार विकास तर्फ ६७.९३ प्रतिशत, सुशासन तथा अर्न्तसम्बन्धित क्षेत्र ३५.९३ प्रतिशत, कार्यालय सञ्चालन तथा प्रशासन ७७.६९ प्रतिशत खर्च प्रगति भएको छ।

यसैगरी चालु आर्थिक बर्षमा संघीय सरकारको राजश्व बाँडफाड तर्फ ८ करोड ३८ लाख ४२ हजार बजेट अनुमान गरिएकोमा हालसम्म ५ करोड ७६ लाख ४७ हजार ७ सय ८७ रुपैया मात्र प्राप्त भएको छ। त्यसैगरी वित्तिय समानिकरण संघीय सरकार तर्फ १० करोड ७० लाख बजेट अनुमान गरिएकोमा हाल सम्म जम्मा ९ करोड ३६ लाख २५ हजार मात्र प्राप्त भएको छ भने बाँकी रकम १ करोड ३३ लाख ७५ हजार आर्थिक मन्दीको कारण कटौती भएको छ। संघीय सशर्त अनुदान तर्फ २९ करोड ७६ लाख ७४ हजार बजेट अनुमान गरिएकोमा हालसम्म २७ करोड २८ लाख ९६ हजार ७ सय ९९ रुपैया मात्र प्राप्त भएको छ। यसैगरी संघको विशेष अनुदान तर्फ ७० लाख बजेट अनुमान गरिएकोमा हाल सम्म ७० लाख प्राप्त भइसकेको छ। त्यसैगरी संघीय समपुरक तर्फ ४० लाख बजेट अनुमान गरिएकोमा हालसम्म ३० लाख ४१ हजार ४ सय ३२ मात्र प्राप्त भएको छ।

त्यसैगरी प्रदेश तर्फको राजश्व बाँडफाड शिर्षकमा ६८ लाख १७ हजार बजेट अनुमान गरिएकोमा हालसम्म जम्मा ४८ लाख ७८ हजार १ सय ९५ दशमलब ३३ मात्र प्राप्त भएको छ। प्रदेश समानिकरण तर्फ ५६ लाख ५६ हजार बजेट अनुमान गरिएकोमा हालसम्म जम्मा ४२ लाख ४२ हजार मात्र प्राप्त भएको छ। प्रदेश सशर्त तर्फ रु १ करोड बजेट अनुमान गरिएकोमा हाल सम्म रु १ करोड नै प्राप्त भइसकेको छ। त्यसैगरी प्रदेश विशेष अनुदान तर्फ ७८ लाख बजेट अनुमान गरिएकोमा ७८ लाख नै प्राप्त भइसकेको छ। त्यसैगरी प्रदेश समपुरक तर्फ रु १ करोड ५० लाख बजेट अनुमान गरिएकोमा हालसम्म जम्मा रु १ करोड ५० लाख नै प्राप्त भएको छ। हालसम्म आन्तरिक आय तर्फ रु. ५३ लाख ४१ हजार ९ सय आम्दानी भएको छ।

चालु आर्थिक बर्षमा आन्तरिक राजश्व संकलन रु ६१ लाख ५० हजार हुने संशोधित अनुमान छ।यो लक्ष्यको तुलनामा १०२ दशमलब ५ प्रतिशत हो भने गत बर्षको तुलनामा १८ प्रतिशतले बढी हो। यसैगरी

धुर्कोट गाउँपालिकाको आवधिक विकास योजनामा आर्थिक बर्ष २०७९/०८० मा आन्तरिक आय रु ५७ लाख २ हजार संकलन हुने प्रक्षेपण गरिएकोमा यस आर्थिक बर्षको राजश्व संकलन सो भन्दा ७ प्रतिशत बढी हुन आउने देखिन्छ। खासगरी नदीजन्य पदार्थमा हुने राजश्व चुहावटको नियन्त्रण गर्न लिएको नीति, वडा कार्यालयहरुलाई राजश्व संकलनको आधारमा गरिएको प्रोत्साहनको कारणले गर्दा समग्र देशमा राजश्व संकलनको अवस्था कमजोर रहदा पनी धुर्कोट गाउँपालिकाको आन्तरिक राजश्व संकलन मजबुत देखिएको छ।

**सभाध्यक्ष महोदय,**

अव म स्थानीय अर्थतन्त्र र हाम्रो बजेट प्रणालीमा देखिएका मुख्य मुख्य चुनौती र अवसरहरु संक्षेपमा प्रस्तुत गर्न चाहान्छु।

**चुनौतीहरुः**

चालु आर्थिक बर्षमा वित्तीय हस्तान्तरण अन्तर्गत वित्तिय समानिकरणमा रुकम कटौती भएको छ। त्यसैगरी राजश्व बाँडफाड तर्फ सिलिङ्ग बराबरको रकम संघ र प्रदेश सरकारबाट प्राप्त नहुने देखिन्छ। यसरी बजेट सिलिङ्गको हिस्सा बराबरको रकम संघ र प्रदेश सरकारबाट प्राप्त नहुँदा विकास कार्यको लागि स्रोत व्यवस्थापनमा चाप परेको छ।

पुँजिगत खर्चको प्रभावकारीता सोचेजति बढ्न सकेको छैन। निर्माण व्यवसायीले आयोजना कार्यान्वयनमा गर्ने ढिलासुस्ती, पुँजी परिचालनमा कमजोर देखिनु, उपभोक्ता समितीहरुले समयमै सम्झौता नगर्नु तथा सम्झौता भएपछि पनि समयमै कार्य सम्पन्न नगर्नु र कार्य सम्पन्न भएपछि पनि समयमै भुक्तानीको लागि असार कुरेर बस्ने प्रबृत्ति आयोजना कार्यान्वयनमा प्रमुख चुनौतीको रुपमा देखिएको छ।

त्यसैगरी पर्याप्त पर्यटकीय स्थलहरुको उपलब्धता हुँदा पनि गाउँपालिका भित्रने आन्तरिक तथा बाह्य पर्यटकहरुलाई पर्यटन तथा होटल व्यवसायीबाट राम्रो हस्पिटालिटी प्राप्त नहुनु। स्थानीय परिकारको उपलब्धता नहुनु, स्वच्छ तथा गुणस्तरीय भोजन तथा परिकारको ग्यारेन्टी गर्न नसकिनु जस्ता कुराहरुले स्थानीय अर्थतन्त्र गतिशिल हुन सकेको छैन। जसलाई गतिशिल तुल्याउन चुनौतीपूर्ण देखिएको छ। उपलब्ध प्राविधिक जनशक्तिलाई दक्ष तुल्याई परियोजनाको दिगोपनाको ग्यारेन्टी गर्नु, पक्की पुल, ठूला ठूला भवन निर्माण तथा सडक कालोपत्रे जस्ता विशेष ज्ञान र सम्बन्धित क्षेत्रको दक्षता आवश्यक पर्ने आयोजनाहरुमा सम्बन्धित क्षेत्रका उच्च तहका प्राविधिक जनशक्तिको व्यवस्थापन गर्नु, अनुगमन समितिका पदाधिकारीहरुको अनुगमन हुने विषयको सम्बन्धमा आधारभुत प्राविधिक ज्ञान तथा विषयहरुको वारेमा जानकारी नहुनु पनी अर्को चुनौतीको रुपमा देखिएको छ।

**अवसरहरुः**

गाउँपालिका कार्यालय तथा वडा कार्यालयहरुमा बजेट कार्यान्वयनको लागि राजनैतिक तथा प्रशासनिक संयन्त्रको उपलब्धता हुनु।

सबै वडा कार्यालयहरुमा प्राविधिक जनशक्ति उपलब्ध हुनु।

उपभोक्ता समितिका पदाधिकारीहरु सार्वजनिक खरिद प्रकृया तथा आयोजना कार्यान्वयनको प्रकृयाका सम्बन्धमा विस्तारै जानकार हुँदै जानु।

गाउँपालिकाले लिएको प्रोत्साहन बापत थप आयोजनाको नितिले गर्दा वडाहरु बीच विकास निर्माणमा स्वच्छ प्रतिस्पर्धाको भावना विकास हुनु ।

खानेपानी, साना सिंचाई,फर्म सुधार, चक्लाबन्दी, गोठ सुधार जस्ता आयोजनामा नागरिकको उल्लेख्य जनसहभागिता रहनु।

गाउँपालिकाको विकासको लागि कुसल तथा अनुभवी नेतृत्वको उपलब्ध हुनु ।

**सभाध्यक्ष महोदय,**

माथि उल्लेखित चुनौती र अवसरलाई मनन् गर्दै स्थानीय सरकार, निजि क्षेत्र, सहकारी र विकास साझेदारको लगानी विस्तार गरी उत्पादन, उत्पादकत्व र रोजगारीका अवसर सृजना गर्ने, आर्थिक तथा सामाजिक पूर्वाधार निर्माण गरी उच्च आर्थिक बृद्धिको जग तयार गर्ने तर्फ जोड दिएको छु । सार्वजनिक स्रोतको समुचित परिचालन गर्दै उपलब्ध अवसर तथा लाभहरुको समन्वयायीक वितरण गरी हुनेखाने वर्ग र हुँदा खाने वर्ग विचको खाडल कम गर्नुपर्ने आवश्यकता महशुस गरी बजेटका उद्धेश्य तथा प्राथमिकताहरु निर्धारण गरेको छु ।

**बजेटका उद्धेश्यहरुः**

१. स्थानीय उत्पादन, रोजगारी तथा आय आर्जनमा दिगो बृद्धि गर्नु ।

२. कम लागतमा बढी प्रतिफल दिने दिगो विकासका पूर्वाधारहरु निर्माण गर्नु ।

३. स्वस्थ, सृजनशिल, शिक्षित तथा सिपयुक्त मानव संशाधनको विकास गर्नु ।

४. गाउँपालिका भित्र उत्पादित वस्तुहरुको वजार सम्मको पहुँच सुनिश्चित गर्नु

५. वन, जैविक विविधता, जमिन र जलस्रोतको दिगो उपयोगको सुनिश्चितता गर्नु ।

६. सेवा प्रवाहलाई प्रविधिमैत्री, पारदर्शि, जवाफदेही तथा उत्तरदायी वनाउनु ।

७. विधिको शासन कायम गर्नु ।

**बजेटका प्राथमिकताहरुः**

१. कृषि, पर्यटन र रोजगारीको विकास

२. शिक्षा, स्वास्थ्य तथा सामाजिक सुरक्षा

३. गुणस्तरीय भौतिक पूर्वाधार निर्माण

४. दिगो विकास, वातावरण संरक्षण तथा विपद् व्यवस्थापन

५. स्थानीय स्रोत साधन तथा सिपको अधिकतम उपयोग

६. जनसहभागिता परिचालन तथा लागत लाभ विश्लेषण

**सभाध्यक्ष महोदय,**

**अव म बजेटले लिएका उद्धेश्य हासिल गर्न तपसिल बमोजिम सुधारको प्रस्ताव पेश गरेको छु ।**

१. ठूलो संख्यामा आयोजना र कार्यक्रम समावेश गरी स्रोत साधन छर्ने प्रबृतिमा सुधार गर्न ।

२. क्षेत्रगत प्राथमिकता भित्र पनि ठूला तथा रणनैतिक महत्वका, उत्पादनमुलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, गरिबी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने, बहुसंख्यक जनताले लाभ प्राप्त गर्ने आयोजनालाई प्राथमिकता दिइ रकम छुट्टाएको छ ।

३. आगामी आर्थिक बर्षको बजेट कार्यान्वयन कार्ययोजना श्रावणको पहिलो हप्ता भित्र तर्जुमा गरी कार्यान्वयनमा लगिनेछ। स्वीकृत कार्ययोजना कार्यान्वयन गर्ने विषयगत शाखाहरुले श्रावण मसान्त भित्र आवश्यक कार्यविधि र निर्देशिका तयार गरी कार्यपालिकाबाट पारित गरि लागु गर्नेछन।

४. तोकिएको मिति भित्रै आगामी आर्थिक बर्षको स्थानीय दररेट स्विकृत गराइ लागु गरिनेछ।

५. अनुगमन समितिबाट स्वीकृत बार्षिक बजेट तथा कार्यक्रमको समयतालिका वनाई निर्माण पूर्व, निर्माणाधिन अवस्था तथा निर्माण सम्पन्न भएपछि अनुगमन, मुल्यांकन, पृष्ठपोषण तथा रिपोटिङ्ग गरिनेछ।

६. आयोजना कार्यान्वयनका लागि कार्त्तिक महिना भित्र ठेक्का व्यवस्थापन गरिसक्नु पर्नेछ। यसको लागि योजना शाखा र प्राविधिक शाखालाई जिम्मेवार वनाइनेछ।

७. निर्माण सामाग्रीको आपूर्ति सहज वनाउन वातावरणीय अध्ययनबाट उपयुक्त पहिचान गरिएका खानीबाट तोकिएको समयमा ढुङ्गा, गिट्टी, बालुवा निकाल्न सक्ने व्यवस्था मिलाइनेछ।

८. कुनै पनि आयोजनाको उचित कारण विना म्याद थपिने छैन। सम्झौताको दायित्व पूरा नगरी हेलचेक्राइ र लापरवाहीको कारण समयमै कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायी तथा उपभोक्ता समितिलाई प्रचलित खरिद कानुन बमोजिम दण्ड जरिवाना गरिनेछ।

९. उपभोक्ता समितिले कार्यालय संग सम्झौता गरेको आयोजना पून उपभोक्ता समिति मार्फत ठेक्का दिने प्रबृतिलाई कडाइका साथ निरुत्साहित गरिनेछ। यदी त्यस्तो गरेको प्रमाणित भएमा सो उपभोक्ता समितिका जिम्मेवार पदाधिकारीलाई ५ बर्ष सम्म गाउँपालिकाका कुनै पनि योजनामा उपभोक्ता समितिको पदाधिकारीमा रहनबाट बर्ञ्चित गरिनेछ।

१०. आगामी आर्थिक बर्षको पहिलो चौमासिक भित्र आफ्नो वडा भित्रका योजनाहरुको सम्झौता सम्पन्न गरिसक्ने वडालाई प्रोत्साहन बापत थप रु ५ लाख बराबरको योजना प्रदान गरिनेछ। दोस्रो चौमासिक भित्र ७० प्रतिशत भुक्तानी लैजाने वडालाई रु १० लाख थप बजेटको प्रबन्ध मिलाएको छु।

११. स्रोतमा परेको चापलाई मध्यनजर गरी आगामी आर्थिक बर्षका लागि नयाँ सवारी साधन खरिद र फर्निचर तथा फर्निसिङ खरिद गर्ने कार्यलाई कम महत्व दिएको छु। प्रशासनीक खर्चमा मितव्ययिता कायम गरिनेछ।

१२. सरकारी निकायमा रहेका पुराना र प्रयोगविहिन फर्निचर लगायतका जिन्सी सामाग्रीहरुको ६ महिना भित्र लिलाम गरिनेछ।

१३. गाउँपालिकाको आर्थिक रुपान्तरणको लागि डिजिटल अर्थतन्त्रलाई प्रबर्द्धन गरिनेछ। त्यसका लागि संचार पूर्वाधारको विकास आर्थिक तथा प्रशासनिक क्रियाकलापमा इन्टरनेट, मोबाइल एप्लिकेशन, सफ्टवेयर तथा अन्य नेटवर्कको प्रयोगलाई बढवा दिइनेछ। यसबाट आर्थिक कारोबारको लागत घट्ने, कार्यकुशलतामा बृद्धि हुने, समयको बचत हुने, नागरिकहरुले घरबाटै सेवा लिन सक्ने, पारदर्शिता र सुशासन कायम भई समृद्ध धुर्कोट, हाम्रो शान भन्ने दीर्घकालिन सोचलाई टेवा पुग्ने अपेक्षा लिएको छु।

१४. बजेट कार्यान्वयनको प्रगतीको सन्दर्भमा नियमित रुपमा हुने चौमासिक समिक्षाको अलवा आगामी आर्थिक बर्ष देखि माघ १० गते भित्र बजेट कार्यान्वयनको मध्याबधी समिक्षा गरिनेछ।

१५. वडाबाट हुने कुनै पनि आर्थिक भुक्तानीको सिफारिसमा वडा सचिव र वडा अध्यक्षको संयुक्त दस्तखतलाई अनिवार्य गरेको छु।

१६. माथि उल्लेखित नीतीगत तथा संरचनागत सुधारले बजेट कार्यान्वयनको प्रभावकारिता बढ्ने र स्थानीय अर्थतन्त्र गतिशिल हुने विश्वास लिएको छु।

**सभाध्यक्ष महोदय**

अव म आर्थिक बर्ष २०८०/०८१ को लागि धुर्कोट गाउँपालिकाको अनुमानित आय व्यय विवरण (बजेट) प्रस्तुत गर्न अनुमती चाहान्छु। सर्वप्रथम आगामी आर्थिक बर्षको बजेटका मुख्य मुख्य क्षेत्रगत कार्यक्रम र विनियोजन प्रस्तुत गर्ने अनुमती चाहान्छु।

धुर्कोट गाउँपालिकाका गौरबका आयोजनाका रुपमा रहेका प्रशासकीय भवन निर्माण, धुर्कोट कोट क्षेत्र तथा बुढीकोट क्षेत्र पर्यटन पूर्वाधार निर्माण (धुर्कोट ग्रेटवाल) तथा रणनैतिक महत्वका रुपमा रहेका बर्बोट ठुल्दी नयागाउँ नेटेकटेरी ओखलढुङ्गा सडक, नयागाउँ घडेला पोखरा देउराली सिखेडाँडा जुम्लादी पिपलधार सुफल धनमुडा हाडहाडे सडक निर्माण योजना, धुर्कोट ऐतिहासिक दरवार तथा झल्याकोट पर्यटकीय क्षेत्र पर्यटन पूर्वाधार निर्माण, लोहरी अवुवा आरुपाटा पातनखोला सडक तथा उदिना पिपलधारा नादी सडक, बर्बोट क्षेत्र डिठ्ठापोखरा किमुखर्क द्वानेटा थ्याप्चे सडक पूर्वाधार निर्माण र पाञ्चायन मा.वि. तथा हिमालय मा.वि. पूर्वाधार विकास योजनालाई समग्र रुपमा रु. ३ करोड विनियोजन गरेको छु।

संघीय सरकार विशेष अनुदान तर्फ शैक्षिक पूर्वाधार निर्माण तथा गुणस्तर सुधार तथा सरसफाई कार्यक्रम रु. २ करोड १५ लाख विनियोजन भएको छ। त्यसैंगरी स्वास्थ्य संस्थाहरुको क्षमता अभिबृद्धि तथा सेवा विस्तार कार्यक्रमका लागि रु. १ करोड विनियोजन भएको छ।

संघीय सरकार सशर्त अनुदान तर्फ रु. २७ करोड ७५ लाख विनियोजन भएको छ। जस अन्तर्गत मुख्यत शिक्षक तथा विद्यालय कर्मचारीहरुको तलब भत्ता, विद्यालय सञ्चालन खर्च, स्वास्थ्यकर्मीहरु तथा आयुर्वेद तर्फको तलब भत्ता तथा स्वास्थ्य कार्यालय सञ्चालन र तोकिए बमोजिमका कार्यक्रमहरु, प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगार सेवाकेन्द्र सञ्चालन तथा रोजगारी सृजना कार्यक्रम, कृषि तथा पशु तर्फका कर्मचारीहरुको तलब भत्ता तथा तोकिए बमोजिमका कार्यक्रमहरु रहेका छन। यस सम्बन्धी कार्यक्रमको विस्तृत विवरण अनुसूचीमा उल्लेख गरेको छु।

प्रदेश सशर्त अनुदान अन्तर्गत चालु खर्च तर्फ रु. २१ लाख ५० हजार विनियोजन भएको छ। पुँजीगत खर्च तर्फ रु. ६० लाख विनियोजन भएको छ। जस अन्तर्गत कल्लाबोट घुम्ती दङ्गालिटोल आरुपाटा मोटरबाटो निर्माण वडा नं. ३ रु. १० लाख विनियोजन भएको छ। त्यसैगरी वडा नं. ७ अन्तर्गत डनेटा गाउँ जिम्माल पखरचौर मोटरबाटो नालि सहित ग्राभेल कार्यको लागि रु. १० लाख विनियोजन भएको छ।वडा नं. ४ अन्तर्गत दुध डेरी देसुवा टोल ठुला पधेरा सडक निर्माण कार्यको लागि रु. १० लाख विनियोजन भएको छ। त्यसैगरी जनयुद्ध स्मृति पार्क निर्माणको लागि रु. २० लाख विनियोजन भएको छ। वडा नं. २ अन्तर्गत पिपलधारा नादी तल्लाखाल तटबन्ध निर्माण योजनाका लागि रु. १० लाख विनियोजन भएको छ।

**सभाध्यक्ष महोदय,**

अव म वित्तिय समानिकरण अनुदान, राजश्व बाडफाडबाट प्राप्त रकम र आन्तरिक आयबाट प्राप्त हुने अनुमानित रकम रु. २१ करोड २ लाख ७२ हजार ९ सय ५० मध्येबाट बजेटका मुख्य मुख्य क्षेत्रगत कार्यक्रम र विनियोजन प्रस्तुत गर्ने अनुमति चाहान्छु।

**कोष तर्फ** :

विपद्को पूर्व तयारी राहत, उद्धार, पुनस्थापना जस्ता कार्यको लागि विपद् व्यवस्थापन  कोषमा रु. ३५ लाख विनियोजन गरेको छु। त्यसैगरी वभिन्न आयोजनाहरुको मर्मत संभार संरक्षण र दिगो संचालनको व्यवस्थापनको लागि मर्मत संभार कोषमा रु. ३० लाख विनियोजन गरेको छु।

**सभाध्यक्ष महोदय,**

पुराना खानेपानी आयोजनाहरुको मर्मत संभार, सिंचाई कुलो गोरेटो बाटो पाटी पौवा ऐतिहासिक धार्मिक महत्वका स्थलहरुको पुननिर्माणका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

**सभाध्यक्ष महोदय,**

आर्थिक विकासको क्षेत्र स्थानीय अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेको हुन्छ। कृषि, पर्यटन, उद्योग तथा बाणिज्य, सहकारी, वित्तिय क्षेत्र जस्ता कार्यक्रमको लागि आर्थिक विकासका क्षेत्रमा वडाको सिलिङ्गबाट वडा स्तरिय कार्यक्रम तथा योजना संचालन गर्न वडा नं. १ मा रु. ३ लाख  वडा नं. २ मा रु. ६ लाख ८० हजार, वडा नं. ३ मा रु. ५ लाख २० हजार, वडा नं. ४ मा रु. ३ लाख,  वडा नं. ५ मा रु. ४ लाख, वडा नं. ६ मा रु. ४ लाख र वडा नं. ७ मा रु. ३ लाख विनियोजन गरेको छु। त्यसैगरी गाउँपालिका स्तरिय कार्यक्रम तथा योजनाहरुको लागि रु. १ करोड २८ लाख गरी जम्मा १ करोड ५७ लाख विनियोजन गरेको छु।

गाउँपालिका तर्फ कृषि तथा पशु विकास कार्यक्रमको लागि रु. १ करोड विनियोजन गरेको छु।जसमध्ये कृषि विकास कार्यक्रमको लागि रु. २५ लाख, पशु विकास कार्यक्रमको लागि रु. २५ लाख तथा धुर्कोट कृषि तथा पशु उद्यमशिलता विकास परियोजनाको लागि रु. ५० लाख विनियोजन गरेको छु।

गाउँपालिका अन्तर्गत पर्यटन विकास तर्फ रु. २८ लाख विनियोजन गरेको छु। जस अन्तर्गत ऐतिहासिक धार्मिक तथा पर्यटकीय महत्वका पूर्वाधारको लागि रु. २५ लाख र धनमुडा होमस्टे मर्मत तथा संचालनको लागि रु. ३ लाख विनियोजन गरेको छु।

- धुर्कोट गाउँपालिका भित्र उत्पादन हुने कृषि उपजको वीउ भण्डारण देखि विक्री केन्द्र सम्मको सबै चरणहरुको सुरक्षित प्रकृयाहरुको जानकारीमूलक पुस्तक "विना क्षति  मेरो खेती" तयार गरी सबै कृषकहरुलाई वितरण गर्ने प्रबन्ध मिलाएको छु।
- कृषकले उत्पादन गरी विक्री गरेका कृषि उपजको लगत राख्न कृषकहरुलाई मेरो कमाई अभिलेख कार्ड वितरण गर्ने प्रबन्ध मिलाएको छु।
- धुर्कोट कोट क्षेत्र तथा बुढीकोट क्षेत्र पर्यटन पूर्वाधार निर्माण (धुर्कोट ग्रेटवाल) तथा झल्याकोट पर्यटकीय क्षेत्र पूर्वाधार निर्माणका लागि पर्याप्त रकम विनियोजन गरेको छु।

समाजलाई परिवर्तन गर्दै रुपान्तरणको तह सम्म पुऱ्याउन र गुणस्तरीय शिक्षा, आधारभूत स्वास्थ्य सेवा, शुद्ध खानेपानीको उपलब्धता एवम् सरसफाई सांस्कृतिक सम्पदाहरुको संरक्षण तथा प्रवर्द्धन,

लैंगिक समानता तथा सामाजिक समावेशीकरण जस्ता विश्वव्यापी मान्यता पाएका मानव अधिकारका विषयहरुलाई समग्र रुपमा समेट्दै सामाजिक विकास क्षेत्र तर्फ वडाको सिलिङ्गबाट वडा स्तरिय कार्यक्रम तथा योजना संचालन गर्न वडा नं. १ मा रु. १३ लाख, वडा नं. २ मा रु. ९ लाख १० हजार, वडा नं. ३ मा रु. १० लाख २० हजार, वडा नं. ४ मा रु. १२ लाख २० हजार, वडा नं. ५ मा रु. ७ लाख ५० हजार, वडा नं. ६ मा रु. १० लाख ५० हजार, र वडा नं. ७ मा रु. ५ लाख ६० हजार विनियोजन गरेको छु। त्यसैगरी गाउँपालिका स्तरिय कार्यक्रम तथा योजनाहरुको लागि रु. १ करोड १५ लाख गरी जम्मा १ करोड ८३ लाख १० हजार विनियोजन गरेको छु।

गाउँपालिका तर्फ शिक्षा युवा तथा खेलकुद विकास कार्यक्रमको लागि रु. ३० लाख विनियोजन गरेको छु। त्यस्तै स्वास्थ्य सम्बन्धी कार्यक्रमको लागि रु. २५ लाख विनियोजन गरेको छु। महिला विकास कार्यक्रमको लागि रु. ८ लाख, बालबालिका सहयोग कार्यक्रम रु. ४ लाख, अपांग सहयोग कार्यक्रम रु. ४ लाख, जेष्ठ नागरिक सहयोग कार्यक्रम रु. ४ लाख, दलित लक्षित कार्यक्रम रु. ७ लाख, जनजाति लक्षित कार्यक्रम रु. ७ लाख, विपन्न परिवार सुत्केरी सहयोग कार्यक्रम रु. २ लाख, संस्कृति संरक्षण रु. ४ लाख, खानेपानी सरसफाई तथा स्वच्छता कार्यक्रम रु. ५ लाख, जेष्ठ नागरिक दिवा सेवा सञ्चालन रु. २ लाख, विद्यालयहरुमा स्तनपान कक्ष निर्माण रु. २ लाख, किरातेश्वर संस्कृत पाठशाला शिक्षक पारिश्रमिक रु. २ लाख, धुर्कोट दरवार क्षेत्र पुजारी सरसफाई कर्ता र सुरक्षा गार्ड पारिश्रमिक रु. ५ लाख, धुर्कोट परमानन्द भण्डारी बहुमुखी क्याम्पस फर्निचर तथा सि.सि. टिभि जडान रु. ५ लाख र भाखर्क खानेपानी टंकी निर्माण वडा नं. १ का लागि रु. २ लाख विनियोजन गरेको छु।

आर्थिक बृद्धि र आर्थिक विकासको पूर्वसर्तको रुपमा रहने भौतिक पूर्वाधार विकास अन्तर्गत सडक, खानेपानी, भवन, पुल पुलेसा, उर्जा, संचार जस्ता क्षेत्रहरुको पूर्वाधार योजनाहरुका लागि वडाको सिलिङ्गबाट वडा स्तरिय कार्यक्रम तथा योजनाका संचालन गर्न वडा नं. १ मा रु. २७ लाख ५० हजार, वडा नं. २ मा रु. १९ लाख ७० हजार, वडा नं. ३ मा रु. २७ लाख ८० हजार, वडा नं. ४ मा रु. १९ लाख ५ हजार, वडा नं. ५ मा रु. २२ लाख ५ हजार, वडा नं. ६ मा रु. १८ लाख ५० हजार, र वडा नं. ७ मा रु. ३० लाख ५० हजार विनियोजन गरेको छु। त्यसैगरी गाउँपालिका स्तरिय कार्यक्रम तथा योजनाहरुको लागि रु. ६ करोड ५ लाख गरी जम्मा ७ करोड ७० लाख १० हजार विनियोजन गरेको छु।

गाउँपालिका भित्र यातायात संचालनको दृर्षटिकोणले महत्वपूर्ण रहेका ओखलढुङ्गा मैदान ठुल्दी बर्बोट सडक, उदिना पिपलधारा नादी सडक, सुफल धनमुडा हाडहाडे सडक, बरारुख नादी हाडहाडे लोहरी शहिद खिमबिक्रम नेपाली मार्ग, चिलिखोला वडा कार्यालय हुँदै बाटुले सडक, हुलाके वस्तु बर्बोट शहिद जेदुराम मार्ग, डिङ्गापोखरा किमुखर्क द्वानेटा सडक, मसुरेखर्क बर्बोट डिङ्गापोखरा चौरासी सडक र मसुरेखर्क वाग्ला थ्याप्चे सडकको सवारी आवागमनलाई सर्वयाम सहज तुल्याउन तथा मनशुनजन्य विपद्को कारण हुने अवरोधलाई हटाउन समग्र रुपमा रु. ९ लाख विनियोजन गरेको छु।

यसैगरी गाउँपालिका अन्तर्गत रहेको पूर्वाधार विकास तर्फ तपसिलका योजनाहरुलाई तपसिलको बजेट विनियोजन गरेको छु।

| क्र.सं. | पूर्वधार विकास | विनियोजित रकम | |
|---|---|---|---|
| १ | शहिद कृष्ण कुँवर स्मृती भवन | ५००००० | पाँच लाख |
| २ | पोखराचौर बङजेङ्ग मोटरबाटो स्तरोन्नती | ४००००० | चार लाख |
| ३ | बेतानेखोला कुनौटा सिंचाई योजना | १००००० | एक लाख |
| ४ | पिपलधारा खेलमैदान निर्माण | ३००००० | तीन लाख |
| ५ | जुम्लादी खेलमैदान तारवार तथा मञ्च निर्माण | २००००० | दुई लाख |
| ६ | धाराकाखोला पाण्डेटोल दङ्गालिटोल मस्यारा सिंचाई योजना | ३५०००० | तीन लाख पचास हजार |
| ७ | मोरमारे डाँडापाटा मोटरबाटो | १५०००० | एक लाख पचास हजार |
| ८ | खालीखोला आरुपाटा पातलखोला सिडी निर्माण | २००००० | दुई लाख |
| ९ | ढिकीचौर नन्दमारे घाट मोटरबाटो विस्तार | ३००००० | तीन लाख |
| १० | सोमरभोमर आमा समुह मगर समुदाय पाहुना घर निर्माण | ५००००० | पाँच लाख |
| ११ | साउकामुख ब्याडका पाल्ला पल्ला कल्लेरी सिंचाई योजना | ५००००० | पाँच लाख |
| १२ | तामाखानी जाने बाटो निर्माण सोमरभोमर | १००००० | एक लाख |
| १३ | चौपारी  रातापोखरा कुमारीदेवी घोरेटोबाटो निर्माण | ३००००० | तीन लाख |
| १४ | गोपे सामुदायिक सहकारी भवन निर्माण | २००००० | दुई लाख |
| १५ | दाद्रे चिउरी साराखेत कृषि सडक | ३००००० | तीन लाख |
| १६ | हिमचुली महिला समुह भवन मर्मत | २००००० | दुई लाख |
| १७ | बोम बहादुर-टोमलाल स्मृती भवन निर्माण | १०००००० | दश लाख |
| १८ | शहिद खिम विक्रम स्मृती भवन निर्माण | ५००००० | पाँच लाख |
| १९ | धरथापे धारापानी दुईपिप्ले लिफ्टिङ्ग खानेपानी मर्मत | २००००० | दुई लाख |
| २० | तोस हर्रे जम्दी मोटरबाटो | ३००००० | तीन लाख |
| २१ | चिल्लाटा रातचौर शिवालय मोटरबाटो | २००००० | दुई लाख |
| २२ | वडा स्तरीय कृषी सडक | २००००० | दुई लाख |
| २३ | शहिद जेदुराम स्मृती भवन निर्माण | ५००००० | पाँच लाख |
| २४ | बाटुलेखर्क छापाटोल अगार कमेरपानी मोटरबाटो निर्माण | ४००००० | चार लाख |
| २५ | दाद्र मुलढुङ्गा खानेपानी टंक्की मर्मत | १००००० | एक लाख |
| २६ | शहिद शम्सेर स्मृती भवन निर्माण | ५००००० | पाँच लाख |
| २७ | अमिले धरमपानी किसनटारी मोटरबाटो | ३००००० | तीन लाख |
| २८ | बासपानी देखि घोरलेटे सिडी निर्माण | २००००० | दुई लाख |

| | | | |
|---|---|---|---|
| २९ | लाहाटा ट्रस निर्माण | २००००० | दुई लाख |
| ३० | चौतारा देखि माझगाउँ मोटरबाटो नाली सहित स्तरोन्ती | ३००००० | तीन लाख |
| ३१ | वडा नं ३ र ७ वडा कार्यालय निर्माण | १०००००००० | एक करोड |
| ३२ | वडा कार्यालय भवन तला थप | २५००००० | पच्चिस लाख |
| ३३ | सडक बोर्ड म्याचिङ्ग | १०००००० | दश लाख |
| ३४ | फुटकर योजना | २०००००० | बीस लाख |

वातावरण सम्पूर्ण जीवजन्तु, वनस्पतीको जैविक अस्तित्वको प्रमुख आधार हो। हाम्रा हरेक क्रियाकलाप वातावरण मैत्री हुनुपर्छ। वातावरण मैत्री दिगो विकास र विपद व्यवस्थापनले मात्र सन्तुलित, टिकाउ र प्रतिफलयुक्त विकास गर्न सकिन्छ। वन तथा भू-संरक्षण जलाधार संरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तन, फोहोरमैला तथा ढल व्यवस्थापन, जलउत्पन्न प्रकोप नियन्त्रण र विवद व्यवस्थापन वडाको सिलिङ्गबाट वडा स्तरिय कार्यक्रम तथा योजनाका संचालन गर्न वडा नं. १ मा रु. ३ लाख, वडा नं. २ मा रु. ३ लाख ४० हजार, वडा नं. ३ मा रु. ३ लाख १० हजार, वडा नं. ४ मा रु. २ लाख ४० हजार, वडा नं. ५ मा रु. १ लाख, वडा नं. ६ मा रु. ३ लाख ५० हजार र वडा नं. ७ मा रु. ३ लाख विनियोजन गरेको छु। त्यसैगरी गाउँपालिका स्तरिय कार्यक्रम तथा योजनाहरुको लागि रु. ६० लाख गरी जम्मा ७९ लाख ४० हजार विनियोजन गरेको छु।

गाउँपालिका तर्फ मनसुनजन्य विपद्बाट क्षती भएका नीजि आवास पुननिर्माणका लागि रु. १५ लाख र वन वातावरण तथा मुहान संरक्षणका लागि रु. ५ लाख विनियोजन गरेको छु।

मानव संसाधन विकास, संस्थागत क्षमता विकास, राजश्व परिचालन, वित्तिय व्यवस्थापन, वित्तिय जोखिम न्यूनिकरण, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, आन्तरिक र अन्तिम लेखा परिक्षण, वेरुजु फर्छ्यौट, सेवा प्रवाहका मापदण्ड निर्धारण, सेवा प्रवाहमा विद्युतीय सूचना प्रविधिको प्रयोग, नागरिक सन्तुष्टी सर्वेक्षण र अन्तरनिकाय समन्वय जस्ता क्षेत्रको लागि वडाको सिलिङ्गबाट वडा स्तरिय कार्यक्रम तथा योजनाका संचालन गर्न वडा नं. १ मा रु. २ लाख ५० हजार वडा नं. वडा नं. ३ मा रु. २ लाख ७० हजार, वडा नं. ४ मा रु. १ लाख ३५ हजार, वडा नं. ५ मा रु. ४ लाख ४५ हजार, वडा नं. ६ मा रु. ३ लाख ५० हजार, र वडा नं. ७ मा रु. २ लाख ९० हजार विनियोजन गरेको छु। त्यसैगरी गाउँपालिका स्तरिय कार्यक्रम तथा योजनाहरुको लागि रु. ५० लाख गरी जम्मा ६७ लाख ४० हजार विनियोजन गरेको छु।

गाउँपालिका तर्फ पालिका गान तथा लोगो निर्माण रु. २ लाख, सूचना प्रविधि तथा आवश्यक उपकरण खरिदका लागि रु. १० लाख, विभिन्न संघ संस्था सहयोग कार्यक्रमका लागि रु. ६ लाख, विभिन्न योजना डि.पि.आर. का लागि रु. १० लाख, विभिन्न तालिम तथा पालिका स्तरीय कार्यक्रमका लागि रु. १० लाख, हेलो अध्यक्ष कार्यक्रम संचालनका लागि रु. १ लाख, उपाध्यक्ष किशोरकिशोरी कार्यक्रमका लागि २ लाख र प्रारम्भिक वातावरणीय परिक्षण (IEE) का लागि ५ लाख विनियोजन गरेको छु।

**सभाध्यक्ष महोदय,**

अव म माथिका क्षेत्रगत निति तथा कार्यक्रमहरु कार्यान्वयनका लागि बजेट विनियोजन र स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्ने अनुमति चाहान्छु।

आगामी आर्थिक बर्षका लागि कुल खर्च रु. ५५ करोड ८२ लाख ५४ हजार २ सय ८५ विनियोजन गरेको छु। कुल विनियोजन मध्ये चालु तर्फ रु. ३२ करोड ८६ लाख ५० हजार रहेको छ र पुँजिगत तर्फ रु. २२ करोड ९६ लाख ४४ हजार २ सय ८५ रहेको छ।

आगामी आर्थिक बर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोत मध्ये संघीय सरकारबाट प्राप्त वित्तिय समानिकरण अनुदान रु. ९ करोड ३७ लाख, संघीय सरकारबाट प्राप्त सशर्त अनुदान रु. २७ करोड ७५ लाख, संघीय सरकारबाट प्राप्त राजश्व बाडफाड वापतको रकम रु. ८ करोड २१ लाख ५४ हजार २ सय, संघीय सरकारबाट प्राप्त समपुरक अनुदान रु. १ करोड, संघीय सरकारबाट प्राप्त विशेष अनुदान रु. २ करोड १५ लाख, प्रदेश सरकारबाट प्राप्त वित्तिय समानिकरण अनुदान रु. ६४ लाख ७७ हजार, प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान रु. ८१ लाख ५० हजार, प्रदेश सरकारबाट प्राप्त राजश्व बाडफाड रकम रु. ४३ लाख ४१ हजार ७ सय ५०, प्रदेश सरकरबाट प्राप्त समपुरक अनुदान रु. १ करोड, आन्तरिक आय अनुमानित ७५ लाख, ग्ध्क साझेदारी रु. १ करोड ५ लाख ५७ हजार, गैर सरकारी संस्था बजेट रु. ८६ लाख ५० हजार र आ.ब. २०७९/०८० को अनुमानित बैंक मौज्दात ३ करोड ७४ लाख ७१ हजार ३ सय ३५ रहेको छ।

**सभाध्यक्ष महोदय,**

अव म आर्थिक बर्ष २०८०/०८१ को राजश्व परिचालनको कार्यक्रम प्रस्तुत गर्न चाहान्छु।

राजश्व प्रणालीलाई आर्थिक र सामाजिक न्यायका लागि उपयोग गर्ने निति लिइनेछ। शिक्षा, स्वास्थ्य, खानेपानी लगायतका आधारभूत सेवा सुविधामा लगानी बृद्धि गर्दै नागरिकको पहुँच विस्तार गरी जिवनस्तरमा सुधार ल्याउन गाउँपालिकाको पूर्वाधार विकासका निम्ति आवश्यक स्रोत जुटाउन र नागरिक हित एवम् सामाजिक आर्थिक न्याय प्रत्याभुत गर्न राजश्व परिचालनलाई दिगो भरपर्दो व्यवस्थित र अनुमानयोग्य बनाउनु रावश्व नितीको मुख्य लक्ष्य रहेको छ। उपर्युक्त उद्धेश्य हासिल गर्नका लागि देहाय बमोजिम राजश्व तथा आन्तरिक आय बृद्धि सम्बन्धी कार्यक्रम संचालन गरिनेछ।

१. कर तथा गैर कर राजश्व सम्बन्धी ऐन नियम तथा कार्यविधि वारे जनप्रतिनिधी तथा कर दाताको क्षमता विकास गरिनेछ।

२. स्थानीय आन्तरिक राजश्व परिचालनको थप सम्भाव्यता अध्ययन विश्लेषण खोज तथा अनुसन्धान गरिनेछ।

३. व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी जानकारीमूलक कार्यक्रम संचालन गरिनेछ।

४. राजश्व सम्बन्धी आधार सूचना अभिलेख राजश्व संकलन प्रशासन र खर्च व्यवस्थापनमा सुधार गरिनेछ।

५. पालिका निर्माणको लागि तिरौं कर विकास मार्फत फर्किन्छ घर घर भन्ने मान्यतालाई सम्पूर्ण

करदाता माझ स्थापित गरिनेछ।

६. राजश्व चुहावट ठगी, छली जस्ता कार्यलाई कडाइका साथ नियन्त्रण गरिनेछ।

७. करको दायरालाई फराकिलो बनाइनेछ।

८. सबैभन्दा बढी र नियमित राजश्व तिर्ने करदातालाई पुरस्कृत गरिनेछ।

**सभाध्यक्ष महोदय,**

बजेट तर्जुमाको क्रममा हामिले संचालन गरेका सबैजसो कार्यक्रमहरुमा सल्लाह सुझाव सहयोग समन्वय र अभिभावकत्व प्रदान गर्नुभएकोमा सम्मानित गाउँपालिका अध्यक्ष ज्यू प्रति कृतज्ञत व्यक्त गर्दछु। साथै बजेट निर्माणको क्रममा सुझाव प्रदान गर्नुहुने विषयगत समिति, राजनितिक दल, अर्थविद, विभिन्न विषय क्षेत्रका विज्ञ, प्रमुख प्रशासकीय अधिकृत एवम् सम्पूर्ण राष्ट्रसेवक कर्मचारी, निजी क्षेत्र, सहकारी क्षेत्र, नागरिक समाज, पूर्व जनप्रतिनिधी, शैक्षिक व्यक्तित्व, संचार जगत, गाउँपालिका भन्दा बाहिर नेपालका विभन्न सहरमा रहनुभएका पालिकाबासी तथा पालिका प्रेमी आमाबुबा दाजुभाई तथा दिदि बहिनीहरु प्रती आभार एवम् धन्यबाद प्रकट गर्दछु। गाउँपालिकाको समग्र विकासमा योगदान पुर्याउने करदाता, निजिक्षेत्र, भगिनी सम्बन्ध कायम गरेका पालिकाहरु, तथा विकास साझेदारहरुमा हार्दिक धन्यबाद व्यक्त गर्दछु।

आर्थिक तथा सामाजिक विकास मार्फत समृद्धि हासिल गर्ने तथा सामाजिक न्याय प्रत्याभुत गर्दै समृद्ध धुर्कोट, हाम्रो शान भन्ने दिर्घकालिन सोचको लक्ष्य हासिल गर्न उत्पादनशिल, शिक्षित, मर्यादित, रोजगारीको अवसर प्राप्त गरी पर्याप्त आय आर्जन गर्ने सुखी नागरिक बसोबास गर्ने स्वच्छ, सुन्दर, पर्यटकीय, आत्मनिर्भर समृद्ध धुर्कोट गाउँपालिका निर्माण गर्ने धेयका साथ प्रस्तुत गरिएको यस बजेटको कार्यान्वयनको शिलसिलामा सम्बद्ध सबै पक्षबाट रचनात्मक सहयोग प्राप्त हुने विश्वास लिएको छु।

धन्यबाद नमस्कार।

सीता गिरी
उपाध्यक्ष
धुर्कोट गाउँपालिका, बर्बोट, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

## ०८०/८१ को आय व्ययको विवरण

| क्र. सं. | शिर्षक | | आ.व. ०८०/८१ को अनुमान | कैफियत |
|---|---|---|---|---|
| १ | आय | गत वर्षको अल्या: अनुमानित | ३७४७१३३५ | |
| | | राजश्व : | | |
| | | आन्तरी राजश्व | ७०००००० | ७० लाख |
| | | राजश्व बाँडफाँडबाट प्राप्त संघिय सरकार | ८२१५४२०० | ८ करोड २१ लाख ५४ हजार २ सय |
| | | राजश्व बाँडफाँडबाट प्राप्त प्रदेश सरकार | ४३४१७५० | ४३ लाख ४१ हजार ७ सय ५० |
| | | **जम्मा :** | ९२९९५९५० | |
| | | अन्तर सरकारी वित्तिय हस्तान्तरण | | |
| | | संघिय सरकारबाट प्राप्त वित्तिय समानिकरण अनुदान | ९३७०००००० | ९ करोड ३७ लाख |
| | | प्रदेश सरकारबाट प्राप्त वित्तिय समानिकरण अनुदान | ६४७७००० | ६४ लाख ७७ हजार |
| | | संघिय सरकारबाट प्राप्त शर्सत अनुदान | २७७५०००००० | २७ करोड ७५ लाख |
| | | प्रदेश सरकारबाट प्राप्त शर्सत अनुदान | ८१५०००० | ८१ लाख ५० हजार |
| | | संघिय सरकारबाट प्राप्त विशेष अनुदान | २१५०००००० | २ करोड १५ लाख |
| | | संघिय सरकारबाट प्राप्त समपुरक अनुदान | १०००००००० | १ करोड |
| | | प्रदेश सरकारबाट प्राप्त समपुरक अनुदान | १०००००००० | १ करोड |
| | | **जम्मा :** | ४२७३२७००० | |
| | **जम्मा आय :** | | ५५८२९४२८५ | |
| | | **व्यय तर्फ** | | |
| | | **चालु खर्च :** | | |
| १ | | गाउँपालिकाको चालु खर्च | ८५३०००००० | ८ करोड ५३ लाख |
| | | संघिय सरकारबाट प्राप्त विषयगत कार्यालयको शर्सत अनुदान (चालु तर्फ) | २५१९०००००० | २५ करोड १९ लाख |
| | | प्रदेश सरकारबाट प्राप्त विषयगत कार्यालयको शर्सत अनुदान | २१५०००० | २१ लाख पचास हजार |
| | | **जम्मा :** | ३३९३५०००० | |
| २ | | पूँजिगत खर्च : | | |
| | | विकास खर्च समष्टिगत पूँजितगत खर्च | १२६५४४२८५ | १२ करोड ६५ लाख ४४ हजार २ सय ८५ |
| | | संघिय सरकारबाट प्राप्त पूँजिगत शर्सत अनुदान | २५६०००००० | २ करोड ५६ लाख |

| | | | | |
|---|---|---|---|---|
| | | प्रदेश सरकारबाट प्राप्त पूँजिगत शर्सत अनुदान | ६०००००० | ६० लाख |
| | | प्रदेश सरकारसंग समपुरक सहकार्य | २०००००००० | २ करोड |
| | | संघिय सरकारसंग समपुरक सहकार्य | ३०००००००० | ३ करोड |
| | | संघिय सरकार विशेष अनुदान खर्च | २१५०००००० | २ करोड १५ लाख |
| | | **जम्मा :** | २१९२००००० | |
